PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com

तातोहावा 'लू'को असर तथा लक्षण
- हृदयको गति तीव्र हुने,
- श्वासप्रश्वास र रक्तचाप कम हुने,
- शरीरबाट पसिना ननिस्कने,
- टाउको अत्यधिक दुख्ने,
- चक्कर लाग्ने, अचेत हुने,
- १०४ डिग्री फरेनहाइटभन्दा बढी ज्वरो आउने,
- छाला सुक्खा, रातो र तातो हुने,
यस्ता असरहरू देखिएमा तुरुन्त नजिकैको अस्पताल जाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

जनहितमा जारी सन्देश
- आफ्नो घर सफा राखेजस्तै आफ्नो शहर पनि सफा राखौं ।
- घर सफा भयो भने रोग लाग्दैन, शहर सफा भयो भने प्रदूषण हुँदैन, रोगवाहक कीरा–फटयाङ्ग्रा हुर्कँदैनन् ।
- सफा रहनु देवत्व हो, फोहर दानवी प्रवृत्ति हो ।
वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ जेठ १७ गते बिहीवार // मृत भस्म नबन्दैमा फिल्को भैकन बल्नुछ // 2024 May 30 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २६७

## अत्यधिक गर्मीले पर्सामा पहिलो चरणको खोप प्रभावित

प्रस, वीरगंज, १६ जेठ/

पर्सा जिल्लामा पहिलो चरणको राष्ट्रिय खोप अभियान प्रभावित भएको छ । जेठ १३ गतेदेखि सञ्चालित राष्ट्रिय खोप अभियान अन्तर्गत पर्सा जिल्लाका आठवटा पालिकामा पहिलो चरणको खोप अभियान शुरू भएकोमा बुधवार समापन भएको छ ।

१६ गतेसम्म सञ्चालन भएको पहिलो चरणको खोप अन्तर्गत वीरगंज महानगरपालिकाका १ देखि १६ वटा वडा, बहुदरमाई नपा, छिपहरमाई, पकाहामैनपुर, धोबिनी, विन्ध्यवासिनी र ठोरी गाउँपालिका गरी आठवटा पालिकामा खोप अभियान सञ्चालित भएको थियो । तर यस अवधिमा गर्मी अत्यधिक बढेर वीरगंज महानगरलगायत पालिकाहरूले जेठ १६ देखि १८ गतेसम्म विद्यालयहरू बन्द गरेका छन् ।

जेठ १४ गतेदेखि सूचना जारी गरेर पालिकाहरूले अत्यधिक गर्मीको कारण वार्षिक बिदाबाट कट्टा हुनेगरी गर्मी बिदा दिएपछि खोप कार्यक्रम प्रभावित भएको हो । विद्यार्थीहरू अत्यधिक गर्मीले कक्षाकोठामा बेहोश हुने जस्ता घटनाहरू बढेपछि विद्यालय बन्द गरिएको थियो ।


तस्वीरः प्रतीक

यसै पनि गर्मी बढेको कारण विगत एक हप्तादेखि विद्यालयमा विद्यार्थी सङ्ख्या पातलिँदै गएको थियो । यही अवधिमा पहिलो चरणको पोलियो खोप कार्यक्रम सञ्चालन भएको कारण लक्ष्य अनुसारको खोप दिन नसकिएको स्वास्थ्य कार्यालय, पर्साका खोप अधिकृत जयमोद ठाकुरले बताए । उनले आज पहिलो चरणको खोप अभियान समापन भएको र यो अभियानमा १६ हजार बालबालिकालाई खोप दिने लक्ष्य रहेको बताए ।

(बाँकी अन्तिम पातामा)

## वीरगंजका अस्पतालहरूको अनुगमन

प्रस, वीरगंज, १६ जेठ/

वीरगंज महानगरपालिकाले हिजो दुईवटा अस्पतालको अनुगमन गरेको छ । महानगरपालिकामा रहेका अस्पतालहरू वार्षिकरूपमा नवीकरण गर्नुपर्ने प्रावधानअनुरूप महानगरको स्वास्थ्य महाशाखामा परेको निवेदनमध्ये हिजो वीरगंज–१३ स्थित नीलकण्ठ हस्पिटल एन्ड रिसर्च सेन्टर प्रालि र वीरगंज–८ पानीटङ्कीस्थित प्रभु हस्पिटल एन्ड रिसर्च सेन्टरमा अनुगमन गरिएको थियो ।

वीरगंज महानगर स्वास्थ्य महाशाखा अन्तर्गत वडाध्यक्ष उमाशङ्कर तिवारीको संयोजकत्वमा गठित अनुगमन समितिले दुईवटा अस्पतालको अनुगमन गरेको थियो । अनुगमनको क्रममा एक/एक थान आठ थरीका मिति सकिएको औषधि फेला परेको र सोलाई नष्ट गर्न निर्देशन दिइएको थियो ।

अस्पताल पक्षले बिरामीले आइसियू र वार्डहरूमा राख्ने औषधि मिति सकिएको फेला परेको र त्यसलाई



तस्वीरः सौजन्य

व्यवस्थापन गरिने बताएको छ । अनुगमन गरेर अस्पतालको नवीकरण गर्ने प्रावधान छ ।

यसै क्रममा महानगरमा अहिलेसम्म छवटा अस्पतालको नवीकरण गर्न आवेदन परेको र सबैको अनुगमन गरेर नवीकरण गरिने स्वास्थ्य महाशाखाले जनाएको छ ।

## १३ लाख नक्कली नोटसहित चारजना पक्राउ

प्रस, वीरगंज, १६ जेठ/

जिल्ला प्रहरी कार्यालय, बाराले १३ लाख नक्कली नेपाली रुपैयाँसहित चारजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा एकजना भारतीय र तीनजना नेपाली रहेको बुधवार पत्रकार सम्मेलन गरी जिप्रका, बाराले जनाएको छ ।

बारा प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले भारत, बिहार, मोतिहारी जिल्ला निवासी ४० वर्षीय महम्मद आलम, बारा जिल्ला कोल्हवी नगरपालिका–६ बस्ने २५ वर्षीय राजन चौधरी, १९ वर्षीय आकाश चौधरी, रौतहट जिल्ला, राजपुर नगरपालिका–१ बस्ने १९ वर्षीय मोहनकुमार साह पक्राउ परेको बताए । भारतीय नागरिक महमद आलमलाई भारतीय नम्बरको मोटरसाइकलसहित सिम्रौनगढ नगरपालिका–९ सानो बसवरियाबाट जेठ १५ गते प्रहरीले पक्राउ गरेको थियो । उनको साथबाट एक हजार दरका ७०७ थान नोट भेटिएको थियो ।


तस्वीरः सौजन्य

उनीहरूको साथबाट एक हजार दरका ६०९ थान नक्कली नोट फेला परेको थियो ।

जेठ १४ गते प्रहरीले सोही ठाउँबाट नक्कली नोटसहित तीनजना नेपालीलाई पक्राउ गरेको प्रवक्ता न्यौपानेले बताए ।

प्रहरीले पक्राउ परेकाहरूबाट भारतीय मोटरसाइकलसहित ना.३४प ३५१२ नम्बरको मोटरसाइकल र एउटा साइकल बरामद गरेको प्रवक्ता न्यौपानेले बताए ।

## वीरगंजलाई आर्थिक राजधानी घोषणा गर्न आजपाको माग



तस्वीरः प्रतीक

प्रस, वीरगंज, १६ जेठ/

आम जनता पार्टीका अध्यक्ष प्रभु साहले वीरगंजलाई देशको आर्थिक राजधानी घोषणा गर्नुपर्ने माग गरेका छन् । मङ्गलवार वीरगंज नगर सभागृहमा आजपाले आयोजना गरेको कार्यक्रममा उनले सरकारले वीरगंजलाई आर्थिक राजधानी घोषणा गरी व्यापारीहरूको मनोबल बढाउनुपर्ने बताए ।

अध्यक्ष साहले देशको कुल राजस्वमध्ये ६० प्रतिशतभन्दा बढी पर्सा, बाराबाट उठ्ने गरेकोमा सरकारले अहिलेसम्म वीरगंजलाई उपेक्षा गरेको बताए । आर्थिक राजधानीको रूपमा चर्चित वीरगंजमा देशभरिमै सबैभन्दा बढी आर्थिक कारोबार हुने गरेको बताए ।

अध्यक्ष साहले यहाँका उद्योगी–व्यापारीहरूको माग सरकारले पूरा गर्नुपर्ने बताए । सरकारले यहाँबाट राजस्व उठे अनुसार यस क्षेत्रको विकासमा लगानी नगरेको उनले आरोप लगाए ।

उनले आजपाको अभियानमा यहाँका उद्योगी, व्यापारीलगायत नागरिक समाज, बुद्धिजीवी, जनप्रतिनिधि, राजनीतिक दल सबैको साथ सहयोग आवश्यक रहेको बताए ।

भेलाले विश्वराज पटेलको नेतृत्वमा ७५ सदस्यीय जिल्ला कमिटीको घोषणा गरेको छ । कार्यक्रममा पार्टीका उपाध्यक्ष सबिना हुसेन, महामन्त्री त्रिभुवन साह, बाबुराम कौशिक, सन्ध्या पासवानलगायतले मन्तव्य राखेका थिए ।

## वीर दल गणको संयोजकत्वमा संयुक्त प्रहर्शनी


तस्वीरः प्रतीक

प्रस, रौतहट, १६ जेठ/

मनसुनको समयमा बाढी तथा डुबानबाट हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्न तथा विपद्को जोखिमबाट सुरक्षा दिलाउने उद्देश्यले वीर दल गणको संयोजकत्वमा अन्य सुरक्षा निकाय र सरोकारवाला निकायहरूको सहभागितामा बुधवार गौर नगरपालिकाको बरहवा तालमा अभ्यास मनसुन–४ को संयुक्त प्रदर्शनी भएको छ ।

सो प्रदर्शनीमा जिल्ला समन्वय समिति, रौतहटका सभापति रामअयोध्याय राय यादवले रौतहट वासी बाढी तथा डुबानबाट प्रत्येक वर्ष पीडित हुँदै आएको बताउँदै सोको ठोस निदानको आवश्यकता रहेको बताए । संयुक्त प्रदर्शनीले रौतहटवासीलाई सचेत गराउने बताउँदै सभापति यादवले वीर दल गणलाई धन्यवाद दिए ।

संयुक्त प्रदर्शनीमा प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मी, प्रहरी उपरीक्षक दिलीप घिमिरे, राष्ट्रिय अनुसन्धानका प्रहरी उपरीक्षक अभिनय सिंह, गौर नगरपालिकाकी उपप्रमुख शैलकुमारी साह, ग्रामीण विकास केन्द्रका अध्यक्ष पारस हुसेन, नेपाल पत्रकार महासङ्घ रौतहटका सभापति प्रेमचन्द्र झा, नेपाल पत्रकार महासङ्घ मधेस प्रदेश सदस्य शैलेन्द्र झा, प्रादेशिक अस्पतालका डा गोपाल महतो, रेडक्रसका सञ्जय यादवलगायतका सरोकारवालाहरूको सहभागिता थियो ।

## पर्साका ११ वटा पालिकामा गर्मी बिदा




प्रस, वीरगंज, १६ जेठ/

अत्यधिक गर्मी बढेसँगै पर्सा जिल्लाका ११ वटा पालिकाले विद्यालयहरू बन्द गरेका छन् ।

वीरगंज महानगरपालिकाबाट शुरू भएको बिदा अभियान अहिले ११ वटा पालिकामा शुरू भएको छ । १४ वटा पालिका रहेको पर्सा जिल्लामा ठोरी, जीराभवानी र पटेर्वासुगौलीबाहेक सबै पालिकाले बिदा दिएका छन् ।

जेठ १६ देखि १८ गतेसम्म तीन दिन बिदा दिइए पनि अब विद्यालय भने जेठ २० गतेदेखि सञ्चालनमा आउने भएको छ । १९ गते शनिवार परेकोले गर्मी बिदा चार दिन भएको हो । वार्षिक बिदाबाट कट्टा हुने गरी यो बिदा दिइएको पालिकाहरूले जनाएका छन् ।

सखुवाप्रसौनी गापाले कक्षा १ देखि ७ सम्म बिदा दिएको छ भने ८ देखि कक्षा १० सम्म सञ्चालन गर्दै आएको छ । पर्सा जिल्लामा गर्मी अत्यधिक बढेको र विद्यालयहरूमा विद्यार्थीहरू बेहोश हुन थालेपछि विद्यालय बन्द गरिएको हो ।

पर्सामा अहिले ४१ डिग्री सेल्सियस तापक्रम मापन भएको छ र आगामी तीन दिन तापक्रम अझ बढ्ने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।



**विचारसार एवं सूक्तिहरू**

**धेरै मानिस २५ वर्षकै उमेरमा मर्छन्, कुरा के मात्र भने हामी ७५ वर्षपछि मात्र तिनको अन्त्येष्टि गर्छौं ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# गर्मीको बढ्दो कहर

**गर्मी उपद्रो किसिमले बढ्दो छ । यसो त बर्सेनि गर्मीले उपद्रो मचाउने गर्छ । तर मानवीय स्वभाव पहिलेको भोगाइ बिर्सने र तत्काल भोगेको कुरालाई बढी प्राथमिकता दिने हुन्छ । गर्मी मधेस प्रदेशका आठ जिल्लासहित तराईका २२ जिल्लाको लागि नौलो होइन । केही वर्षयतादेखि देशका पहाडी जिल्लामा पनि गर्मी बढ्दो छ। गर्मीको कहर हिमाली क्षेत्रमा महसूस नभए पनि असर देखिन थालिएको छ। बर्खा नभएपछि गर्मी बढी महसूस हुन्छ र अहिले त्यस्तै भएको छ। बर्खा भएको बेला गर्मी त्यत्तिको महसूस हुँदैन । पछिल्ला वर्षहरूको तुलनामा यस वर्ष सबैभन्दा बढी गर्मी भएको महसूस गरिँदैछ। बढ्दो गर्मीको कारण अहिले देशका विभिन्न स्थानमा जनजीवन प्रभावित भएका समाचारहरू आइरहेका छन्। अत्यधिक गर्मीले तराई क्षेत्रको जनजीवन निकै प्रभावित भइरहेको छ। नयाँ वर्ष २०८१ को सुरुआतसँगै तराई क्षेत्रमा गर्मीले जनजीवन प्रभावित पारेको छ । विगतका वर्षको तुलनामा यस वर्षको अध्यधिक गर्मीले भने जनजीवनलाई निकै प्रभावित पारेको छ ।**

**गर्मी अझै बढ्ने जल तथा मौसम पूर्वानुमान महाशाखाले बताएको छ । मौसम पूर्वानुमान महाशाखाले अझै तीन दिन अचाक्ली गर्मी बढ्ने भन्दै सतर्कता अपनाउन अनुरोध गरेको छ । गर्मी बढेको कारण घरबाहिर ननिस्कन, निस्कनै परे टाउकोमा कपडा राखेर निस्कन, सुतीको पातलो कपडा लगाउन र पानीलगायत झोलिलो पदार्थ प्रशस्त पिउन सुझाएको छ। जेठको दोस्रो साता शुरू भएको छ र यस क्रममा गर्मीको कारण शहर र गाउँका बजारहरू दिनभरि सुनसान हुने गरेका छन् । अहिले ४१ डिग्री सेल्सियससम्म तापक्रम मापन भएको छ । पर्सामा यो निकै बढी हो । अझ तापक्रम बढ्ने बताइएको छ र करीब ४५ डिग्री सेल्सियससम्म पुग्ने मौसम पूर्वानुमान महाशाखाको अनुमान छ । भारतको दिल्लीलगायतका क्षेत्रमा अहिलेसम्मको सबैभन्दा बढी ५० डिग्री सेल्सियस तापक्रम मापन भएको छ । गत वर्ष यो अवधिमा अहिलेसम्मकै सबैभन्दा बढी ४३ डिग्री सेल्सियस तापक्रम मापन भएको महाशाखाले जनाएको छ । गर्मी बढेसँगै विभिन्न रोगका प्रकोप पनि बढ्न थालेका छन् । अस्पताल, स्वास्थ्य चौकीहरूमा बिरामीहरूको चाप बढ्दो छ। बान्ता हुने, रिङ्गटा लाग्ने, ज्वरो लाग्ने, टाउको दुख्ने जस्ता रोगका प्रकोप बढेका छन् । चिकित्सकहरूले गर्मीको कारण अत्यावश्यक कामबाहेक घरबाहिर ननिस्कन सुझाएका छन् ।**

**प्रचण्ड गर्मी बढेसँगै पर्सा जिल्लाका विद्यालयहरू बन्द भएका छन । वीरगंज महानगरपालिकासमेत तीनवटै नगरपालिका र सातवटा गाउँपालिकाले वर्षे बिदामा कट्टा हुनेगरी गर्मी बिदा दिएका छन्। यही जेठ १६ देखि गर्मी बिदा दिइएको र आइतवार विद्यालय खोल्ने भनिए पनि गर्मी कम हुने सङ्केत नदेखिएकोले बिदा लम्बिन सक्ने सम्भावना छ । वर्षा नभएर गर्मी बढेको छ भने यही क्रममा गत वर्ष सरह पानीको स्रोत सुकेर जिल्लाका विभिन्न स्थानमा पिउने पानीको समस्या सिर्जना भएको छ । वर्षा नहुन्जेल भूमिगत पानीको सतह माथि नआउने र पानीको सङ्कट जारी रहने देखिन्छ । [redacted] ग्रामीण क्षेत्रका चापाकलहरू चैत [redacted] छन् । पिउने पानीको अभाव टार्न [redacted] बोरिङ जडान गर्दै आएको छ । [redacted] खर्च हुने भएकोले आवश्यकता [redacted] हुन सकेको छैन । खानेपानी [redacted] पानी आउन छाडेको छ ।**

# कृषिमा लगानी दशक

सरकारले आगामी आर्थिक वर्षदेखि लागू हुनेगरी कृषिमा लगानी दशक घोषणा गर्ने तयारी गरेको छ। सङ्घीय संसद्मा आगामी आर्थिक वर्षको लागि प्रस्तुत भएको आय–व्यय विवरण (बजेट) मा यस किसिमको घोषणा गरिएको हो। पहिलेदेखि नै यसको तयारी चलिरहेको बताइएको थियो । यस कुरालाई सबैतिरबाट निकै राम्रो मानिएको छ। पहिलेदेखि विभिन्न सञ्चारमाध्यममा यसबारे जानकारी आउँदा मुख्यरूपमा देशमा उन्नत कृषि चाहने पक्षले निकै सकारात्मक कदम हुने प्रतिक्रिया दिइरहेको थियो । कृषिमा निकै राम्रा कार्यक्रमहरू ल्याइएको यस वर्षको बजेटमा यो निकै सुखद पक्ष हो कि देशमा कृषिले महत्त्व पाएको छ। पहिलोपटक देशले कृषिमा लगानी दशक घोषणा गर्दैछ। अब देशमा कृषिमा पनि लगानी गर्नुपर्छ भन्ने वातावरण तयार हुन्छ । यसबाट कृषि व्यवसायीकरणले गति लिन सजिलो हुने विश्वास गरिएको छ ।

कृषि कार्यमा लाग्ने किसानका लागि मुख्यगरी दुई किसिमका समस्या हुन्छन्– पहिले लगानी गर्न नपाउनु र त्यसपछि उत्पादन बिक्री गर्न नपाउनु। किसानले चाहेर पनि लगानी गर्न पाउँदैन । उदाहरणको लागि एक बोरा मल पाउन उसले पालो कुर्नुपर्छ । एक बोरा मल पनि चाहिएको बेला पाइन्न । कम्तीमा कृषिका लागि चाहिने मल र कीटनाशक औषधि त बजारमा पाउनुपर्छ । यदि मल नै पाइन्न भने कृषिमा अन्य लगानीको खासै अर्थ रहँदैन । मल चाहिन्छ नै भने सरकारले मल किन्न ढिलो किन गर्ने ? किसान मलको पछाडि कुद्नुभन्दा कृषिको पछाडि कुद्ने वातावरण बनाउनु उचित हुन्छ । किसानलाई खेती गर्न के के चाहिन्छ ? तीमध्ये किसानले आफैंले गर्न सक्ने के के हो र राज्यले गरिदिनुपर्ने चाहिं के हो । राज्यले मल, बीउ र कीटनाशक औषधि पर्याप्त मात्रामा उपलब्ध गराइदिए किसान मज्जले उत्पादनमा ध्यान दिन पाउँथ्यो। त्यसपछि सिंचाइ उपलब्धता जरुरी छ । अहिले नेपालमा कृषि–उत्पादन बढाउन नसक्नु तथा गर्न चाहनेले पनि खेत बाँझो राख्नुका पछाडिको मुख्य कारण नै सिंचाइको अभाव हो ।

लगानी दशकको सुखद शुरूआत सम्भव भएसम्म पहिलो वर्ष कृषिमा विद्युतीकरणबाट हुनुपर्छ। हरेक खेतसम्म बिजुली पुगोस्। बिजुली पुग्नुको अर्थ हो किसानको हातमा पानी पुग्नु । बिजुली पुगेपछि कृषि मिटर पनि सजिलै

**स्वतन्त्र विचार**



**सञ्जय साह मित्र**
mitrasanjay41@gmail.com

**कृषिमा लगानी दशक निकै सार्थक दशक हुनेछ । यसबाट कृषकको मुहार र देशको मुहार फेरिने आशा गर्न सकिन्छ । कृषकलाई आम्दानीमा वृद्धि हुने तथा कृषिमैं रोजगार र आकर्षण शुरू हुने हो भने कृषियुग पुनः फर्कने सम्भावना छ ।**

किसानको हातमा पुग्ने व्यवस्था हुन सकोस । किसानको हातमा मिटर पुग्छ भने मोटर आफैं किन्छ र खेतीमा लगानी गर्न सधैं तयार हुन्छ । जुन बालीले अलिकति बढी पैसा दिन्छ, सोही बाली लगाउन किसानहरू तयार हुन्छन् । सबैभन्दा बढी आम्दानी किसानलाई तरकारी खेतीबाट हुन्छ । सरकारले मधेसमा केरा तथा आँप खेतीलाई प्राथमिकता दिने बताएको छ बजेटमा । आँप त मधेसको सबैभन्दा प्रिय फल हो नै, अहिले केराखेतीको पनि विस्तार निकै भइरहेको छ। केराखेतीलाई अझ विस्तार गर्नुपर्छ र बजार पनि सुनिश्चित गर्नुपर्छ। हुनत केराको उपयोग काँचो तरकारी खान पनि गर्न सकिन्छ । केरा अन्य बालीजस्तो एक दुई दिनमै खत्तम भइहाल्ने बाली होइन । यो बहुवर्षे बाली हो । एकपटक लगाएपछि कम्तीमा तीन वर्षसम्म रहन्छ भन्ने कुरो किसानहरूले पनि बताउने गरेका छन्। केराखेतीबाट नगद आय हुन्छ भन्ने कुरा किसानहरूले बुझेका छन्। सरकारको घोषणाले केरा किसानहरू पनि निकै उत्साहित भएका छन्। अब आँप र केरा नेपाली किसानको पहिचान हुने सम्भावना देखिएको छ ।

अबको परिवेशमा कृषिमा लगानी दशकबाट कम्तीमा तीन क्षेत्र लाभान्वित हुने देखिन्छ : जमीन बाँझो रहँदैन, कृषि उत्पादकत्व बढ्छ र कृषकले सम्मानजनक आय पाउँछ । कृषिमा पर्याप्त लगानी भएपछि कृषियोग्य जमीनको प्रकृति र किसानको अवस्था अनुसार बाली लगाउन सजिलो हुन्छ। कुनै बाली केही महीनामैं तयार हुन्छ भने कुनै बाली कैयौं वर्षसम्म प्रतिफल दिने किसिमको हुन्छ । अल्पकालीन अवधिमा हुने बाली, वर्षे वा मौसमी बाली तथा बहुवर्षे बालीमध्ये किसानलाई जुन पायक पर्छ वा जसबाट बढी आम्दानी लिन सकिन्छ जस्तो लाग्छ, त्यसको खेती गर्न सकिन्छ । अन्न वा फलफूल जेको खेती गरे पनि खेत बाँझो नरहने हो भने किसान र देश दुवैलाई धेरै फाइदा हुन्छ। कृषि उत्पादकत्व वृद्धि भएपछि किसानको आय पनि बढ्छ । अहिलेको आवश्यकता पनि यही देखिन्छ कि किसानले आय वृद्धि चाहेको छ । किसानको आय वृद्धि हुनु देशकै लागि ठूलो कुरो हो ।

कृषिमा लगानी भएमा कृषिले उद्योगको जस्तो रोजगार दिन सक्छ । कृषि नै यस्तो पेशा हो, जसले मानिसलाई दैनिक आम्दानी पनि दिन्छ । कतिपय किसानले दैनिक राम्रो आम्दानी लिने गरेको पाइएको छ । एक दुई कठ्ठामा तरकारी बाली लगाउने किसानले हरेक बिहान तरकारी बिक्री गरेर प्रायः दिउँसोभरि अरूको काम गरी दोहोरो प्रतिफल लिने गरेका छन् । बिहान दुई चार सयको तरकारी बेचेर दिउँसो अर्काको खेतबारीमा काम गरी दुई चार सय रुपियाँ ज्याला पाउने गरेका छन् । वा बिहानदेखि अर्काको खेतबारीमा काम गरी दिउँसो आफ्नो खेतबारीमा काम गरेर आम्दानी गर्ने गरेका छन् । पूँजी नभएका किसानले गर्ने यो तरिकाभन्दा अझ राम्रो कमाइ गर्ने अलि ठूला किसान हुन् । अहिले पनि के देखिन्छ भने उखु बाली लगाउँदा उखुमैं प्याज, लौका, खुर्सानी, काँक्रोजस्ता बाली लगाएर सिंचाइ र गोलमेलका साथै मल दिंदा निकै राम्रो आम्दानी लिने गरेका छन्। उखुखेतीमा लाग्ने लगानीभन्दा करीब दश प्रतिशत मात्र बढी लगानी सिंचाइ तथा मल र जनमा गर्दा अप्रत्याशित आम्दानी हुने गरेको छ । यद्यपि यस्ता बहुबाली कृषि गर्नेको सङ्ख्या निकै कम छ । किनभने लगानी धेरै लाग्छ तर कृषिमा लगानी दशकले यस किसिमको वातावरण सिर्जना हुने देखिन्छ कि एकै समयमा दुई वा बढी बाली लगाएर किसानलाई दोहोरो आय हुने उपायको विस्तार हुन्छ । जब किसानलाई खेतीबाट दोहोरो आय आउन थाल्छ तब कृषि आकर्षक बन्न पुग्छ । कृषिमा युवाको आकर्षण बढ्नुपर्छ । युवामा कृषिप्रति सकारात्मक भावको विकास गराउन पनि कृषिमा लगानी वृद्धि उचित देखिन्छ ।

कृषिमा लगानी दशक निकै सार्थक दशक हुनेछ। यसबाट कृषकको मुहार र देशको मुहार फेरिने आशा गर्न सकिन्छ। कृषकलाई आम्दानीमा वृद्धि हुने तथा कृषिमैं रोजगार र आकर्षण शुरू हुने हो भने कृषियुग पुनः आउने सम्भावना छ। अहिले जुन किसिमको निराशा रहेको छ, त्यसमा सुधार आउने छ र कृषकमा उत्साह आउँदा उक्त बालीको उत्पादन निकै वृद्धि हुन्छ। कृषकमा उत्साह ल्याउनु जरुरी छ। कृषकमा उत्साह ल्याउन यस किसिमको लगानी दशकले नयाँ मार्ग तय गर्नेछ । कृषिले देशको आम्दानीमा पर्याप्त योगदान दिन सकिने सम्भावना रहेको छ। अहिले जसरी खाद्यान्न तथा तरकारी र कृषिजन्य अन्य पदार्थको आयात भइरहेको छ, यदि कृषि क्षेत्रमा पर्याप्त लगानी गर्ने हो भने धेरै हदसम्म प्रतिस्थापन गर्न सकिन्छ । जब नगद आम्दानी बढ्न थाल्छ तब उक्त पेशालाई सबैले सम्मान पनि दिन थाल्छन्। कृषिबाटै धेरै आम्दानी लिने किसानलाई अर्को किसानले सम्मान दिइरहेको हुन्छ भने सबै किसानको आत्मसम्मान बढाउने तथा देशको अर्थतन्त्रमा सकारात्मक योगदान दिई रोजगार र स्वरोजगारमा वृद्धि गर्ने कृषि क्षेत्र हेय होइन, विशिष्ट सम्मानको क्षेत्र बन्न पुग्नेछ । लगानी दशकले कृषिलाई निर्वाहमुखीभन्दा नयाँ दिशा र गति दिने विश्वास रहेको छ। अझ कृषिमा आधारित उद्योग धन्दाको विकास भएर कृषिको विविधीकरण तथा व्यवसायीकरणमा जोड दिइन्छ। कृषिको आधुनिकीकरण त स्वाभाविक हो । कृषिले अब जुनी फेर्ने सम्भावना रहेकोले यसप्रति सबैको आशा र अपेक्षा वृद्धि भएको छ। अबको कृषि रोजगारमूलक बनोस् ।

# ‘स्वदेशी उद्योगलाई प्रवर्द्धन गर्ने बजेट’

वीरगंज (पर्सा), १६ जेठ/रासस

वीरगंजका उद्योगी–व्यवसायीले आर्थिक वर्ष २०८१/८२ को बजेट स्वदेशी उद्योगलाई प्रवर्द्धन गर्ने रहेको प्रतिक्रिया दिएका छन्।

अर्थमन्त्री वर्षमान पुनले मङ्गलवार सङ्घीय संसद्को संयुक्त बैठकमा आव २०८१/८२ को सरकारको राजस्व र व्ययको वार्षिक अनुमान (बजेट) प्रस्तुत गर्दै उद्योगले पैठारी (आयात) गर्ने कच्चा पदार्थमा लाग्ने महसूलभन्दा तयारी वस्तुको पैठारीमा लाग्ने महसूल कम्तीमा एक तह कम गरी स्वदेशी उद्योगलाई प्राथमिकता र प्रश्रय दिने नीतिको यहाँका उद्योगी, व्यवसायी तथा शैक्षिक क्षेत्रका अगुवाले स्वागत गरेका छन् । वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिलकुमार अग्रवालले बजेट स्वदेशी उद्योगी–व्यवसायीलाई प्रवर्द्धन र संरक्षण गर्ने खालको आएको प्रतिक्रिया दिए ।

“स्वदेशी उद्योगले पैठारी (आयात) गर्ने कच्चा पदार्थमा लाग्ने महसूलभन्दा तयारी वस्तुको पैठारीमा लाग्ने महसूल कम्तीमा एक तह कम गरी स्वदेशी उद्योगलाई प्राथमिकता र प्रश्रय दिने नीति लिएको छ । यो सकारात्मक छ”–उनले भने–“बजेटमा करका दरमा के के परिवर्तन भएका छन् भन्ने कुरा आर्थिक ऐन नहेरी थाहा पाउन सकिंदैन ।” अध्यक्ष अग्रवालले आगामी बजेटमा उद्योग–व्यवसायीको अधिकांश माग समेट्ने प्रयास गरिएको बताए ।

**आलु, प्याज र स्याउको मूल्य अभिवृद्धि कर घटाउनु स्वागतयोग्य**

अर्थमन्त्री पुनले आगामी बजेटमा आलु, प्याज, स्याउलगायत तरकारी एवं फलफूलमा लाग्ने मूल्य अभिवृद्धि कर खारेज गर्ने घोषणा गरेका छन्। वीरगंज कलेजका कार्यकारी अध्यक्ष तथा अर्थशास्त्री डा दीपेन्द्रकुमार चौधरीले सरकारले बजेटमार्फत ल्याएको आलु, प्याज र स्याउको मूल्य अभिवृद्धि कर हटाउने नीति सकारात्मक रहेको बताए।

“हामीले एक वर्षदेखि आलु, प्याजमा लगाएको मूल्य अभिवृद्धि कर खारेज हुनुपर्छ भन्ने माग राख्दै आएका थियौं”–उनले भने–“अहिले सरकारले बजेटमार्फत मूल्य अभिवृद्धि कर हटाएर सकारात्मक सुरुआत गरेको छ ।” उनले संसदीय विकास कोषमार्फत संसद्लाई बजेट बाँड्ने वितरणमुखी कार्यक्रम रोकेर सकारात्मक काम गरेको बताए ।

**कृषि क्षेत्र प्राथमिकतामा**

अर्थमन्त्री पुनले आगामी आवको बजेटमा मधेस प्रदेशको कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर बजेट विनियोजन गरेका छन् । एक सय बिघाभन्दा ठूला चक्लामा वासनादार धानखेती गर्ने सात नमूना परियोजनालाई सहज मल, बीउ, प्राविधिक सेवा तथा सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने र बीमा प्रिमियममा छुट दिने व्यवस्था मिलाइएको छ। तराई–मधेसमा आँप र केराको उत्पादन तथा निर्यात प्रवर्द्धनका लागि विशेष कार्यक्रम सञ्चालन गरिने बजेटमा उल्लेख छ ।

मधेस विश्वविद्यालयका उपकुलपति दीपक शाक्यले सरकारले आगामी आवको बजेटमा कृषि क्षेत्रलाई प्राथमिकतामा राखेको बताए । उनले भने–“यो बजेटले मधेसको कृषि क्षेत्रको प्रवर्द्धन गर्न सहयोग पुग्ने आशा गरेका छौं ।” सरकारले बजेट वक्तव्यमा निजी क्षेत्रसँग सहकार्य गरेर प्रदेशलाई विशिष्टकृत आर्थिक केन्द्रका रूपमा विकास गर्ने उल्लेख गरेको छ। सरकारले प्रत्येक प्रदेशमा छुट्टाछुट्टै गर्ने कार्यक्रम अघि सारेको छ। मधेसलाई कृषि हबका रूपमा विकास गर्ने घोषणा गरेको छ ।

आगामी बजेटमा सरकारले निजगढबाट ढल्केबरसम्म पूर्व–पश्चिम राजमार्ग आसपासको क्षेत्रलाई नेपाली गलैंचा करिडरका रूपमा विकास गर्ने उल्लेख छ। सार्वजनिक निकायले नेपालमा बनेको गलैंचा खरीद गर्नुपर्ने कुरा बजेटमा समेटेको छ । उपकुलपति शाक्यले यो व्यवस्थाले पनि उत्साहजनक काम गर्ने बताए। बाराको कोल्हवीबाट सिम्रौनगढ सडक आसपास क्षेत्रलाई माछा करिडरका रूपमा विकास गर्ने योजना समावेश छ ।

बजेटमा तराई–मधेस भूमिगत जलसिंचाइ कार्यक्रममार्फत कृषियोग्य पकेट क्षेत्रमा क्लस्टरमा आधारित स्यालो तथा डीप टयुवेलबाट सिंचाइ सुविधा विस्तार गर्न थप ४५० डीप बोरिङ जडान गरी करीब १५ हजार हेक्टर जमीनमा सिंचाइ सुविधा विस्तार गर्ने योजना समावेश गरिएको छ । “तराई–मधेस क्षेत्रमा खानेपानीको हाहाकार छ, तर बजेटले सो कुरालाई भने सम्बोधन गर्न सकेको छैन”–उपकुलपति शाक्यले भने–“भूमिगत सिंचाइबारे बजेटमा उल्लेख हुनुले किसानलाई राहत मिलेको छ।”

**भन्सारलाई व्यवस्थित गरिने**

अर्थमन्त्री पुनले भन्सार कार्यालयमा विभिन्न उपकरण जडान गरी आधुनिक प्रविधियुक्त बनाइने घोषणा गरेका छन्। नेपाल राष्ट्रिय एकद्वार प्रणाली कार्यान्वयन प्रभावकारी बनाइ एकीकृत प्रणालीमार्फत करदाताको व्यावसायिक समय र लागत घटाइने बजेटमा उल्लेख छ । भन्सार प्रज्ञापनपत्रमा भन्सार अधिकृतको डिजिटल सिग्नेचर कार्यान्वयनमा ल्याइनेछ । आयातमा हुने मालवस्तुको मूल्याङ्कनका लागि नियमित

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# विश्वको साझा सम्पत्ति सगरमाथा जोगाऔं

सिबी अधिकारी/
काठमाडौं, १६ जेठ/रासस

सन् २०१९ को वसन्तयामको सगरमाथा आरोहणका क्रममा आरोहीको ट्राफिक जामको खबर नेपालसहित विश्वका चर्चित सञ्चारमाध्यममा पनि छायो । मे २१ मा सगरमाथाको चुचुरोनजीक भएको सो जामको समाचार बिबिसी, सिएनएनलगायतका सञ्चारमाध्यमले पनि प्रसारण गरे । समाचारसँगै छापिएको थियो, सगरमाथा आरोहीको भीडको तस्वीर । यति विषय पाएपछि सामाजिक सञ्जालमा नआउने झन् कुरै भएन । तर यता नेपाल सरकारद्वारा गठित छानबीन समितिले भने सगरमाथामा जाम नभई लाम लागेको निष्कर्ष निकालेको थियो ।

पछिल्लो समय हरेक वर्षजसो सगरमाथामा आरोहीको जाम हुने गरेको छ । सगरमाथाको साउथ कोल भनेर चिनिने चौथो शिविर माथितिर हरेक आरोहणको याममा आरोहीको भीड लाग्ने गरेको छ । मौसम अनुकूल आरोहण अवधि छोटो समय भएकाले सबै आरोही एकैपटक गन्तव्यमा पुग्नुपर्ने बाध्यताले सगरमाथामा आरोहीको जाम हुने गरेको आरोहीको अनुभव छ । सगरमाथा आरोहणको समयलाई व्यवस्थित गर्न सकेको खण्डमा आरोहीको सङ्ख्या बाक्लो भएपनि आरोहीको ट्राफिक जाम कम हुने सगरमाथा आरोही ज्ञानेन्द्र श्रेष्ठ बताउँछन् । "समिट विन्डो' कम हुने भएकाले सगरमाथामा आरोहीको जाम हुने गरेको छ," उनले भने, "मे महीनाका सीमित केही दिनमा मात्रै आरोही चुचुरोमा पुग्नुपर्ने बाध्यता हुन्छ ।"

चुचुरो आसपासमा हिमपात र वायुको गतिजस्ता चुनौती केही सहज बन्छन् । त्यही दिनलाई व्यग्रतासाथ कुरे मौसमी हिसाबकिताब गर्दै आरोहीहरू चुचुरोसम्म पुग्छन् । 'समिट विन्डो' भनिने त्यस्तो छोटो समयमा अरू बेला प्रतिघण्टा दुई सय किलोमिटरको वेगमा हुने चुचुरोमा चल्ने वायुले केही उत्तरतर्फ मार्ग फेर्छ । यस्तो विन्डो एक/दुई दिन र कहिले दिनमैं धेरैपटक फेरबदल भइरहन्छ ।

श्रेष्ठका अनुसार वसन्तयाम सगरमाथा आरोहणको उपयुक्त समय हो । मे महीनामा सामान्यतया पाँच/छ वटा त्यस्ता विन्डो देखिन्छन् । सगरमाथा आरोहणका लागि अलि फराकिलो विन्डो भएका बेला धेरैजसो आरोही उकालो लाग्न थाल्छन् । ढिलो गर्दा कहिलेकाहीं पछिल्ला अवधिमा विन्डो देखा नपर्न सक्ने जोखिम भएकाले आरोहीहरू अघिल्लो विन्डोमा जान खोज्छन् । यस्तै, परिस्थितिमाझ सगरमाथामा ट्राफिक जामको अवस्था सिर्जना हुने गरेको आरोही श्रेष्ठले बताए । सगरमाथा आरोहण शुरू हुने १५ दिनअगाडि नै 'रोप फिक्सिङ' गर्न सकेको खण्डमा आरोहीको सङ्ख्या पाँच/छ सय भएर पनि केही फरक नपर्ने आरोही श्रेष्ठको भनाइ छ ।

आरोही श्रेष्ठले सगरमाथामा आरोहणको प्रतिस्पर्धा, पर्वतारोहणको तयारीविनै रेकर्डको होडबाजीले सर्वोच्च शिखर पुग्ने सस्तो लोकप्रियताले सगरमाथाको गरिमा घटाउने बताए । विदेशी मुद्राका लागि पर्यटनमा उच्च निर्भर नेपालका लागि आरोहीको सङ्ख्या बढ्नु सुखद भएपनि अन्तर्राष्ट्रियजगत्मा यो सङ्ख्यालाई विभिन्न नकारात्मक टीकाटिप्पणी गर्न थालिएको उनको भनाइ छ ।

पछिल्लो पाँच वर्षयता सगरमाथामा आरोहीको भीड लाग्ने गरेको छ । एकै दिन एक सयभन्दा बढी आरोही चुचुरोमा पुगेको विषयले पनि निकै चर्चा पाइरहेको छ । वसन्त ऋतुको यो याममा पनि सगरमाथाको चुचुरोमा आरोहीको जाम भएको श्रव्यदृश्य सामाजिक सञ्जालमा छाएको छ । पर्यटन विभागको साहसिक पर्यटन तथा पर्वतारोहण शाखाका निर्देशक राकेश गुरुङका अनुसार यस याममा ४२१ जनाले सगरमाथा आरोहणको अनुमति लिएकामा शेर्पा सहयोगीसहित छ सयभन्दा बढीले आरोहण गरेका छन् । अघिल्लो वर्ष सन् २०२३ मा हालसम्मकै बढी ४७८ जनाले सगरमाथा आरोहणको अनुमति लिएका थिए । उनीहरूमध्ये शेर्पा सहयोगीसहित सात सयभन्दा बढीले सगरमाथा आरोहण गरेको जनाइएको छ ।

सगरमाथा आरोहणमा जाने आरोहीको कोटा र आरोहण समयमैं तोक्न हालै सर्वोच्च अदालतले आदेश दिएको छ । अधिवक्ता दिवकविक्रम मिश्रले दायर गरेको सार्वजनिक सरोकारको रिटमा गत वैशाख १४ गते सर्वोच्च अदालतका न्यायाधीशद्वय सपना प्रधान मल्ल र सुषमालता माथेमाको संयुक्त इजलासले उत्प्रेषण परमादेश जारी गरेको हो । उक्त आदेश अनुसार अब हुने पर्वतारोहणको क्रममा पर्वतको सामर्थ्यताको सम्मान गर्दै उसको सीमाको मान्यता दिनुपर्ने भनेको छ ।

नेपाल पर्वतारोहण सङ्घका महासचिव मोहन लम्सालले सगरमाथा आरोहणमा निश्चित सङ्ख्या निर्धारण हुनु जरुरी भएको बताए । उनले भने, "सगरमाथा आरोहण 'लिमिट' गरिनुपर्छ । सङ्ख्या बढी हुँदा आरोहीको जाम लाग्ने, फोहर हुने, अन्य जोखिम पनि बढ्ने हुँदा आरोहीको सङ्ख्या तीन सय हाराहारी हुँदा भीडभाड कम र फोहरमैला व्यवस्थापनमा पनि सहज हुन्छ ।"

महासचिव लम्सालले यस याममा पनि सगरमाथामा जाम लागेको तस्बिर सामाजिक सञ्जालमा आइरहेको भन्दै सगरमाथाको सानलाई बचाउन, जलवायु परिवर्तनको जोखिमबाट जोगाउन, स्वच्छता कायम गर्न सबै जिम्मेवार भएर लाग्नुपर्ने बताए । सगरमाथामा जाम हुँदा अक्सिजन कम भएर आरोहीको मृत्यु हुने जोखिम रहन्छ । विभागका अनुसार यस याममा सगरमाथा आरोहणका क्रममा नौजनाको मृत्यु भएको छ । अघिल्लो याममा १८ जनाको मृत्यु भएको थियो । यस वर्ष मकालु हिमालमा पनि दुईजना आरोहीको मृत्यु भएको छ ।


७१औं अन्तर्राष्ट्रिय सगरमाथा दिवस मनाइरहँदा सगरमाथाको पहिचान र गौरवलाई कायम राख्न अपनाउनुपर्ने सचेतनाबारे पनि उत्तिकै ध्यान दिन जरुरी छ । विश्वको सर्वोच्च शिखर सगरमाथा (आठ हजार ८४८ दशमलव ८६ मिटर)को चुचुरोमा मानवले पहिलोपटक पाइला टेकेको ७१ वर्ष पुगेको छ । सन् १९५३ मे २९ तारिखका दिन दुईजना साहसी पर्वतारोही नेपाली तेन्जिङनोर्गे शेर्पा र न्युजिल्यान्डका सर एडमन्ड हिलारी सगरमाथाको चुचुरोमा पुगेका थिए । यो अवधिमा सगरमाथाले इज्जत, मान, प्रतिष्ठा र आर्थिक हिसाबले पनि नेपाललाई मात्रै होइन, विश्वलाई धेरै दिएको छ । विश्वको साझा सम्पत्तिको रूपमा रहेको सगरमाथालाई जोगाउनु पनि साझा दायित्व हो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङ सगरमाथा देशको सान, अन्तर्राष्ट्रिय साझा सम्पदा पनि भएकोले यसको संरक्षण गरी पहिचान र गरिमालाई उँचो बनाउन सबै तवरबाट पहल हुनुपर्ने बताउँछन् । "सगरमाथा नेपालको भूमिमा रहेको अन्तर्राष्ट्रिय सम्पदा हो, यसलाई प्रवर्द्धन गरेर नेपालमा बढीभन्दा बढी पर्यटक भित्र्याउने हाम्रो उद्देश्य हो, त्यसका लागि विगतबाट सिकेर आगामी दिनमा गर्नुपर्ने काम पक्कै पनि गर्नेछौं," उनले भने । सगरमाथा आरोहणलाई व्यवस्थित बनाउन विगतको भन्दा यस वर्ष व्यवस्थापकीय हिसाबले धेरै सकारात्मक काम भएको मन्त्री तामाङको भनाइ छ ।

सगरमाथा आधार शिविरमा फिल्ड कार्यालय स्थापना गरिएको, आरोहीको उद्धार केन्द्र बनाउनेलगायत गर्नुपर्ने कामलाई आगामी दिनमा प्राथमिकता दिने पर्यटनमन्त्री तामाङको भनाइ छ । उनका अनुसार सगरमाथा दिवसका अवसरमा यसपटक स्वदेशी तथा विदेशी सगरमाथा आरोहीलाई परिचयपत्र प्रदान गर्ने कार्यक्रम रहेको छ । साथै कीर्तिमानी आरोही, विदेशी आरोहीलाई सम्मान गरिनेछ ।

यसरी बर्सेनि आरोहीको ट्राफिक जामले सगरमाथाको सान जोगाउन चुनौती बनिरहेको छ । सगरमाथालाई वातावरणमैत्री, सफा राख्न नेपाल मात्र होइन विश्वकै ध्यान जान जरुरी छ । विश्वको सम्पदा संसारकै अग्लो चुली सगरमाथाको गरिमालाई कायम राख्न तथा जलवायु परिवर्तनको जोखिमबाट यसलाई जोगाउन ध्यान दिनुपर्ने अपरिहार्यता छ । आरोहीको सङ्ख्या बढ्दा देशको अर्थतन्त्रमा समेत टेवा पुग्छ ।

(बाँकी पाँचौं पातामा)



**हेलमेट डाँडाः** पोखरा महानगरपालिका-३२ स्थित लामेआहाल, कालिकानगर र मजुवाबीचमा अवस्थित हेलमेट डाँडा । हेलमेट आकारको उक्त डाँडालाई पर्यटकीय गन्तव्य स्थलका रूपमा विकास गर्न स्थानीयले पहल थालेका छन् । तस्बिरः रामबहादुर थापा/रासस

# एमालेलाई राष्ट्रिय शक्ति बनाउन महिलाहरू अग्रमोर्चामा छन् -अध्यक्ष ओली


काठमाडौं, १६ जेठ/ रासस

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले देवासुर सङ्ग्राममा देवीहरू मैदानमा उत्रिएजस्तै पार्टी बचाउन महिलाहरू अग्रमोर्चामा खटिने गरेको बताएका छन् ।

बुधवारदेखि शुरू भएको एमालेको दुई दिने राष्ट्रिय महिला भेलाको उद्घाटन सत्रमा पूर्वप्रधानमन्त्री ओलीले एमालेलाई ध्वस्त बनाउन खोजिएका बेलामा समेत महिला र युवाले पार्टीको झन्डा बोकेर अग्रमोर्चामा उत्रने गरेको बताए । "तपाईंहरूको सक्रियता, वैचारिक स्पष्टता र दृढ अडानलाई म सलाम गर्न चाहन्छु ।

तपाईंहरूको यो यात्रा एमालेलाई निर्णायक राष्ट्रिय शक्ति नबन्दासम्म निरन्तरता दिनुहोला ।

त्यसपछि एमालेलाई कसैले हल्लाउन सक्दैन र हामी नेपालको राष्ट्रिय स्वाभिमानको झन्डालाई माथि उठाएर समाजमा सुशासन दिँदै विकासलाई गति दिन सक्षम हुनेछौं," उनले भने ।



अध्यक्ष ओलीले ससाना सहकारीको प्रवर्द्धन र उद्यमशीलताको विकास गर्दै समृद्धिमा अगाडि बढ्न आग्रह गरे । उनले हरेक महिलाले केही न केही नयाँ उत्पादन गरेमा नेपालीहरू स्वावलम्बी बन्न सक्ने उल्लेख गरे ।

उनले भने, "लगानी धेरै नगरी पनि उद्यमशीलता बढाउन सकिन्छ । महिला आन्दोलनको एउटा अभीष्ट यो पनि हो । हामीलाई समृद्ध नेपाल, सुखी नेपालको गन्तव्यमा जानु छ, त्यसका लागि तपाईंहरूले आफ्नो ठाउँबाट योगदान दिन सक्नुपर्छ ।"

उनले राज्यका निकायमा ३३ प्रतिशत महिला सहभागिता भएकै कारण खुशी मान्न नसकिने बताउँदै सामाजिक न्याय र समानताका लागि थप उपलब्धि हासिल गर्न एमाले स्पष्टरूपमा अगाडि बढ्ने उद्घोष गरे ।

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीद्वारा उद्घाटन गरिएको भेलामा पार्टीका २३ वटै जनसङ्गठनका महिला नेता, पार्टीबाट निर्वाचित महिला जनप्रतिनिधि, पार्टीको प्रदेश तथा जिल्ला कमिटीका महिला पदाधिकारी, अनेरास्ववियुको तर्फबाट स्ववियुमा निर्वाचित महिला प्रतिनिधि गरी करीब पाँच हजार सहभागी छन् ।

# पशुपतिनाथका चारवटै ढोका असार १ गतेदेखि बिहान ४ बजे नै खोलिने

काठमाडौं, १६ जेठ/रासस

राष्ट्रदेव भगवान् पशुपतिनाथका चारवटै ढोका आउँदो असार १ गतेदेखि बिहान ४ बजे नै खोलिने भएका छन् । पशुपतिनाथ दर्शन गर्ने दर्शनार्थीको सङ्ख्या बढ्दै गएको र सबैले बिहानको समयमा पशुपतिनाथका चारवटै ढोकाबाट दर्शन गर्न पाउन् भन्ने उद्देश्यका साथ आउँदो असार १ गतेदेखि पशुपतिनाथका चारवटै ढोका खोलिने पशुपति क्षेत्र विकास कोषका प्रवक्ता रेवतीरमण अधिकारीले जानकारी दिए ।

उनले भने, "यसअघि पशुपतिनाथ मन्दिरमा भट्टहरू प्रवेश गरेपछि बिहान ८:३० बजेपछि मात्रै बाँकी तीनवटा ढोका खोलिँदै गरिएकामा भक्तजनले चारवटै ढोकाबाट दर्शन गर्न पाउन् भन्ने उद्देश्यले आउँदो असार १ गतेदेखि पशुपतिनाथका चारवटै ढोका बिहान ४ बजे खोलिनेछन् ।" यसअघि महाशिवरात्रि, हरितालिका तीज र बाला चतुर्दशीका दिन मात्रै पशुपतिनाथ मन्दिरका चारवटा ढोका बिहान ४ बजेदेखि खोल्ने गरिएको थियो ।

# तीन वर्षमा चार हजार नेपाली श्रमिकको मृत्यु

काठमाडौं, १६ जेठ/रासस

वैदेशिक रोजगार बोर्डको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७७/७८ देखि २०७९/८० सम्म वैदेशिक रोजगारमा गएकामध्ये चार हजार ३५ नेपाली श्रमिकको मृत्यु भएको छ ।

सो अवधिमा ८७० जना अङ्गभङ्ग तथा बिरामी भएको तथ्याङ्क छ । गत तीन वर्षको श्रमिकको मृत्युदर विश्लेषण गर्दा २०७७/७८ को तुलनामा २०७८/७९ मा पाँच प्रतिशत वृद्धि भएको र २०७८/७९ को तुलनामा २०७९/८० मा एक प्रतिशत घटेको छ ।

त्यस्तै, अङ्गभङ्ग तथा बिरामी श्रमिकको दर २०७७/७८ मा १८.५० प्रतिशत रहेकोमा २०७८/७९ मा ३१.९५ प्रतिशत र २०७९/८० मा ४९.५४ प्रतिशतले वृद्धि भएको छ । मृत्यु हुने श्रमिकको सङ्ख्यामा कमी आए तापनि अङ्गभङ्ग तथा बिरामीको दर बढ्दो क्रममा रहेको महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लेख छ ।

वैदेशिक रोजगारमा गएका नेपाली कामदार सम्बन्धित देशको हावापानी, कामको चाप, मदिरासेवन, कामदारबीच झैझगडा, पारिवारिक तनाव, स्थानीय कानूनको जानकारीको अभाव, मेशिनरी औजारको सञ्चालनमा हुने प्राविधिक त्रुटि, ट्राफिक दुर्घटना, बिरामी, कार्यस्थल दुर्घटना, जलेर, निस्सासिएर, डुबेरलगायतका कारणले मृत्यु, अङ्गभङ्ग तथा बिरामी परेको अवस्था छ ।

यस वर्ष भएको कुल मृत्यु एक हजार २५० मध्ये मलेशियामा २७.९६ प्रतिशत, साउदी अरबमा २६.३६ प्रतिशत, संयुक्त अरब इमिरेट्समा १७.९८ प्रतिशत, कतारमा १७.२३ प्रतिशत, कुवेतमा ६.०४ र अन्य देशमा ४.४३ प्रतिशत रहेका छन् । स्वदेशबाट मेडिकल जाँच गरी श्रमको लागि गन्तव्यमा गएका नागरिकको वैदेशिक रोजगारको अवधिमा हुने मृत्युलाई स्वाभाविक मान्न सकिदैन ।

यसरी स्वाभाविक, अज्ञात र अन्य कारणले मृत्यु हुनेको सङ्ख्या अधिक रहेको देखिएकाले वास्तविक कारण पत्ता लगाउनुका साथै बिरामीको कारण मृत्यु हुने मुलुकको स्वास्थ्य सुविधासम्बन्धी अध्ययन, ट्राफिक दुर्घटनाबाट मृत्यु हुने मुलुकमा सचेतनाका कार्यक्रम, आत्महत्या दुरुत्साहन गर्न मनोचिकित्सालगायतका कार्यक्रम सञ्चालन गरी श्रमिकको मृत्युदर न्यून गर्ने व्यवस्था गर्नुपर्ने प्रतिवेदनको सुझाव छ ।

वैदेशिक रोजगारमा रहेका कामदारको गन्तव्य मुलुकमा मृत्यु भएमा मृतकको शव अन्तिम संस्कारको लागि परिवारलाई हस्तान्तरण गर्न वैदेशिक रोजगार बोर्डबाट रकम निकासा हुने गरेको छ । यो वर्ष शव व्यवस्थापनमा रु दुई करोड ८५ लाख ८० हजार खर्च भएको प्रतिवेदनमा जनाइएको छ ।

बोर्डबाट वैधानिकरूपमा रोजगारमा रहेका कामदारको मात्र शव व्यवस्थापनको लागि रकम निकासा हुने गरेकाले गैरकानूनीरूपमा रहेका श्रमिकको मृत्यु भएमा शव व्यवस्थापनमा समस्या हुने गरेको नियोगहरूले उल्लेख गरेका छन् । वैदेशिक रोजगार व्यवसायी, रोजगारदाता कम्पनी, गन्तव्य मुलुकका सम्बन्धित निकायका कारणसमेत श्रमिकहरू गैरकानूनी आप्रवासन हुने अवस्था देखिएको छ । अवैधानिकरूपमा रहेका र अलपत्र परेका कामदारलाई सुरक्षित आवासगृहमा राखी उद्धारसमेत गरिएको स्थिति छ । अवैधानिकरूपमा रहेका श्रमिकको मृत्यु भएमा मृतकको शव व्यवस्थापन नगरिनु व्यावहारिक देखिँदैन । श्रमिक गैरकानूनी आप्रवासनको कारण अध्ययन विश्लेषण गरी मृत्यु हुने श्रमिकको शव व्यवस्थापन हुनुपर्छ ।

वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २८ मा वैदेशिक रोजगारमा गएका कुनै कामदारको करार अवधिभित्र कुनै कारणले मृत्यु भएमा मृतक श्रमिकको नजीकको हकवालालाई वैदेशिक रोजगार कोषबाट प्रारम्भमा रु तीन लाख र २०७४ साउन १६ गतेदेखि रु सात लाख आर्थिक सहायता उपलब्ध गराउने व्यवस्था छ । वैदेशिक रोजगार बोर्डबाट प्राप्त विवरण अनुसार विगत पाँच वर्षमा पाँच हजार ५११ मृतक श्रमिकतर्फ रु तीन अर्ब तीन करोड ९८ लाख र १५ अङ्गभङ्ग तथा बिरामी श्रमिकतर्फ रु ४३ करोड ८४ लाख ७२ हजार आर्थिक सहायता उपलब्ध गराइएको छ ।

# पश्चिम तराईमा तीन दिनसम्म तातो हावा चल्ने

काठमाडौं, १६ जेठ/रासस

आगामी तीन दिनसम्म मुलुकको पश्चिमी तराईका भूभागहरूमा अत्यधिक गर्मीको सम्भावना छ । गर्मीको असरबाट बच्न आवश्यक सतर्कता अपनाउन अनुरोध गरिएको छ ।

मौसम पूर्वानुमान महाशाखाले सुदूरपश्चिम र लुम्बिनी प्रदेशका तराई भूभागमा बुधवारदेखि तीन दिनसम्म तातो हावा तथा तातो लहरको सम्भावना रहेको जनाएको छ । सुदूरपश्चिम र लुम्बिनी प्रदेशका तराई भूभागका केही स्थानमा विगत केही दिनदेखि अधिकतम तापक्रम ४० डिग्री सेल्सियस वा सोभन्दा बढी मापन गरिएको छ ।

तातो हावा तथा तातो लहरबाट थकाइ लाग्ने, कमजोरी हुने, तिर्खा बढी लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोश हुने, मांसपेशी दुख्ने, बान्ता आदि असर हुन सक्ने देखिएकाले सोबाट बच्न महाशाखाले अनुरोध गरेको छ ।

तातो हावा तथा तातो लहरबाट बच्न गर्मीको समयमा घरभित्र अर्थात् चीसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजाने, हल्का लुगा लगाउने, सुती कपडा लगाउने, बाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने, नियमित पानी तथा झोल पदार्थ (जुस, सर्बत) आदि प्रशस्त मात्रामा पिउन महाशाखाले आग्रह गरेको छ ।

# पेचिलो बन्दै वातावरणीय न्यायका मुद्दा

प्रगति ढकाल
काठमाडौं, १६ जेठ/रासस

पहिला पहिला जलवायु तथा वातावरणीय मुद्दाहरूमा खासै ठूलो बहस र पैरवी हुँदैनथ्यो । दिगो विकासको अवधारणसँगै वातावरणीय मुद्दा पनि प्राथमिकतामा पर्दै जान थाल्यो । पहिलो र दोस्रो पुस्ताले गाँस, बास, कपास, शिक्षा, शान्तिपूर्वक बाँच्न पाउनु, सांस्कृतिक तथा राजनीतिक अधिकारलाई अधिकारको रूपमा लिने गर्थे भने तेस्रो पुस्तासम्म आइपुग्दा दिगो विकास तथा वातावरणीय अधिकार पनि थप भए । पछिल्लो समय अझै वातावरणीय न्यायका कुरा ज्वलन्त बन्दै गइरहेका छन् ।

नेपालमा लोकतन्त्र ल्याउनका लागि ऐतिहासिक जनआन्दोलन २०६२/६३ भयो । यही जनआन्दोलनले बोकेको भावनाअनुरूप नेपालको अन्तरिम संविधान २०६३ कार्यान्वयनमा आएसँगै राजामा निहित रहेको शक्तिलाई हटाइ गणतन्त्रात्मक शासन व्यवस्थाको लागि मार्गप्रशस्त गर्ने काम भयो ।

संविधानसभाले २०६५ जेठ १५ गते २४७ वर्षदेखिको राजतन्त्रात्मक शासन व्यवस्थाको अन्त्य गरी नेपालमा गणतन्त्र स्थापना गऱ्यो । नेपालमा राजतन्त्रको अन्त्य र गणतन्त्रको उदय भएसँगै अझै बढी वातावरणीय मुद्दामा आवाज बुलन्द बन्दै गए । हिजो वातावरणीय न्यायका विषयवस्तु वन तथा वातावरण मन्त्रालय, वातावरणविज्ञको विषयवस्तु बनाइएकामा आज सबैको साझा चिन्ता र चासोको विषयवस्तु बन्दै गइरहेको छ । संविधानको धारा ३० मा स्वच्छ वातावरणको हकलाई मौलिक हकको रूपमा राखेको छ । यस्तै, संविधानको धारा ४६ मा न्यायिक उपचारको हकको व्यवस्था गरिएको छ । पछिल्लो समय विश्वका अधिकांश मुलुकले वातावरणीय हकलाई मौलिक हकको रूपमा राख्न थालेका छन् । वातावरण ऐन २०७६, वन ऐन २०७६ तथा राष्ट्रिय निकुञ्ज ऐन २०२९ मा पनि वातावरण, वन, जैविक विविधता संरक्षणसम्बन्धी कानूनी व्यवस्था रहेको छ ।

हिजो राजनीतिक विषयवस्तुमा सडक आन्दोलन देख्न पाइन्थ्यो । आज वातावरणको पक्षमा समेत सडकदेखि सदनसम्म आवाज उठाउन थालिएको छ । हिजो विकास विकास मात्रै भन्ने समाजलाई आज वातावरण संरक्षणविनाको विकासले विनाश निम्त्याउँछ भन्ने चेतनाको विकास भएको छ । हिजोका पुस्ता अन्य अधिकारका लागि अदालत धाइरहँदा आजका पुस्ता वातावरणीय न्याय माग्दै अदालत धाउन थालेका छन् ।

वातावरणीय संरक्षणको पक्षमा तथा वातावरणीय न्यायको पक्षमा अदालतले विभिन्न खालखण्डमा गरेको फैसलाले पनि उत्तिकै चर्चा पाउन सफल भएका थिए । दुई वर्षअघि बाराको निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणसम्बन्धी सरकारको निर्णय बदर गर्ने सर्वोच्च अदालतको फैसलाले पनि निकै चर्चा पायो । विमानस्थल निर्माणको कार्य अघि बढाउँदा वातावरणीय विनाश हुने भन्दै सरोकारवालाको चर्को विरोध बढेको थियो । उनीहरूले वातावरणीय न्याय खोज्दै सर्वोच्च अदालतको ढोका ढक्ढक्याए ।

सरोकारवालाको आवाजको प्रतिनिधित्व गर्दै निजगढमा विमानस्थल बनाउने सरकारको निर्णयविरुद्ध वरिष्ठ अधिवक्ता प्रकाशमणि शर्मा र अधिवक्ता रञ्जुहजुर पाण्डे क्षेत्रीले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । फलस्वरूप अदालतले रिटमा सुनुवाइ गर्दै २०७९ जेठ १२ गते सर्वोच्चको बृहत् पूर्ण इजलासले सरकारका निर्णय खारेज गर्ने फैसला गरेको थियो । न्यायाधीश हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा, प्रकाशमानसिंह राउत र मनोजकुमार शर्माको बृहत् पूर्ण इजलासले सरकारको निर्णय बदर गरेको हो ।

यसैगरी, अर्को वातावरणीय मुद्दा पनि चर्चित बन्यो । वातावरणमा गम्भीर क्षति पुऱ्याइरहेको निष्कर्षसहित २०७२ सालमा गोदावरी मार्बल खानी उत्खननको नवीकरणीय थप नगर्न भन्दै सर्वोच्च अदालतले दिएको आदेशले पनि चर्चा पाउन सफल भयो । खानी उत्खननको अवधि सरकारले २०६८ मा १० वर्षका लागि नवीकरण गर्ने निर्णय गरेको थियो । त्यही निर्णयविरुद्ध जनहित संरक्षण मञ्च (प्रोपब्लिक)ले सर्वोच्चमा रिट दायर गरेको थियो । काठमाडौं उपत्यकामा प्लास्टिकको झोला प्रतिबन्ध सम्बन्धमा सर्वोच्च अदालतले गरेको फैसला पनि चर्चाकै विषय बन्न पुग्यो । प्लास्टिक उत्पादक सङ्घले प्लास्टिकको झोला प्रतिबन्ध गरेर प्लास्टिकजन्य उद्योग धराशयी पारिएको भन्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतलाई विपक्षी बनाइ सर्वोच्च अदालतमा निवेदन दर्ता गराएको थियो ।

सो निवेदन २०७४ भदौ ११ गते पूर्वप्रधानन्यायाधीश गोपाल पराजुली र वर्तमान न्यायाधीश सपना प्रधान मल्लको संयुक्त इजलासको आदेशले खारेज गरिदियो । कारण थियो प्लास्टिकको झोलाले वातावरण प्रदूषण गराएको र मानवीय स्वास्थ्यमा असर गर्न सक्छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६(१)(ग)(४) र (छ)(५) ले दिएको अधिकार प्रयोग गरी काठमाडौं महानगरपालिकाभित्र प्लास्टिकको झोलाको प्रयोग, उत्पादन तथा बिक्री वितरणलाई व्यवस्थित र नियमित गर्न निश्चित मापदण्डबाहेकको प्लास्टिकको झोला प्रयोग, उत्पादन, बिक्री वितरणलाई प्रतिबन्ध लगाउने गरी गरेको २०७०/१/५ को काठमाडौं महानगरपालिकाको निर्णय कानूनबमोजिम नै देखिएको भन्दै निवेदन खारेज भएको थियो ।

**जलवायु न्यायमा बुलन्द बन्दै आवाज**

जलवायु परिवर्तनको असरका कारण पर्वतीय क्षेत्रमा पारेको असरको विषयमा उत्तिकै चर्चा हुन थालेका छन् । जलवायु सङ्कटबाट कसरी हाम्रा हिमाल बचाउने ? भन्ने चिन्ता विगतका दिनमा सीमित मानिसमा हुने गर्थ्यो । आज भने राजनीतिकस्तरबाट नै चासोको विषय बन्नुले जलवायु न्यायमा बुलन्द आवाज बन्न थालेको छ ।


२०६६ मङ्सिर १९ गते सगरमाथाको आधार शिविर कालापत्थरमा बसेको मन्त्रिपरिषद्को बैठक गरेर विश्वका विभिन्न मुलुकले जलवायु परिवर्तनले विश्वमा पार्दै आएको असर र ती असरको न्यूनीकरणका लागि विश्व समुदायको ध्यान खिच्न फरक शैली अपनाइरहेका थिए । यस बैठकले १० बुँदे घोषणापत्र जारी गरेको थियो । राजनीतिकस्तरबाट पनि अब जलवायु असर न्यूनीकरणका लागि पहल गरिनुपर्छ भन्ने सन्देशसमेत यसले दिएको छ ।

२०६६ मङ्सिर २२ देखि पुस ३ गतेसम्म डेनमार्कको राजधानी कोपेनहेगनमा भएको १५औं विश्व जलवायु सम्मेलनमा विश्वको ध्यानाकर्षण गर्नकै लागि कालापत्थरमा मन्त्रिपरिषद्को बैठक बसेको थियो । त्यस बेलादेखि नै हरेक कोपमा नेपालले जलवायु परिवर्तनको असरका कारण हाम्रा हिमालको हिउँ पग्लिरहेको छ, हिमाललाई जलवायु असरबाट बचाउनुपऱ्यो भनेर अन्तर्राष्ट्रिय सभासम्मेलनमा समेत नेपालले बुलन्द आवाज उठाइरहेको छ । नेपालले हिमालको मुद्दालाई प्राथमिकता दिएर मुख्य एजेन्डास्वरूप कोपमा लिएर जाने गरेको थियो । तर ती एजेन्डा सम्बोधन हुँदैनथ्यो । नेपालले हार नखाइ पटकपटक यी एजेन्डामा आवाज उठाउन भने छाडेन ।

नेपालले जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन कोप-२६ मा नेपाली अर्थतन्त्रका सबै क्षेत्रलाई कार्बनरहित बनाउने लक्ष्यसहित सन् २०४५ भित्र विशुद्ध शून्य उत्सर्जनको लक्ष्य लिएको छ । सन् २०२१ नोभेम्बर १ देखि २ तारिखसम्म भएको कोप-२६ का अवसरमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले पनि सन् २०४५ सम्ममा शून्य कार्बन उत्सर्जन गर्ने वाचा गरेका थिए । गत नोभेम्बर ३० देखि डिसेम्बर १२ सम्म युएईको दुबईमा संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी संरचना महासन्धि (युएनएफसिसिसी)का पक्ष राष्ट्रहरूको २८औं सम्मेलनमा पनि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले यस मुद्दालाई प्रमुखताका साथ उठाए । “म यहाँ ३० मिलियन नेपालीको सन्देश बोकेर आएको छु,” प्रधानमन्त्री प्रचण्डले सम्बोधनको शुरूमैं भनेका थिए, “तापक्रम वृद्धिले हिमालय क्षेत्रलाई आक्रान्त पारिरहेको छ, हाम्रो हिमाल बचाउने सन्देश पनि लिएर आएको हुँ ।”

गत कात्तिक दोस्रो साता संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टेनिओ गुटेरेस नेपाल भ्रमणमा आएका थिए । भ्रमणको क्रममा उनले जलवायु परिवर्तनले पारेको प्रभावको विषयमा बुलन्दरूपमा आवाज उठाएका थिए । हिमालको फेदबाट जलवायु परिवर्तनले पर्वतीय क्षेत्रमा पारेका प्रभावलाई प्रत्यक्ष नियाले । २८औं विश्व जलवायु सम्मेलन दुबईमा ‘वर्ल्ड क्लाइमेट एक्सन समिट’ को उद्घाटन सत्रमा उनले पटकपटक नेपालको विषयमा आवाज उठाए । प्रधानमन्त्री प्रचण्डदेखि महासचिव गुटेरेससम्मले आवाज बुलन्द बनाएर पनि होला पर्वतीय क्षेत्रमा जलवायुले पारेको असरले विश्व समुदायको ध्यान खिच्न सहयोग पुग्यो । पहिलोपटक जलवायुले हिमालमा पारेको असर कोप-२८ निर्णयका दस्तावेजमा समावेश गरिएसँगै नेपालका लागि यो महत्त्वपूर्ण र ऐतिहासिक निर्णय भयो । यसले वर्षौंदेखि सफल हुन नसकेको नेपालको लक्ष्य पूरा भएको छ ।

हिमालको एजेन्डाले पाएको प्राथमिकतासँगै चर्चा पनि पायो । फलस्वरूप पर्वतीय क्षेत्रका मुद्दामा नेपालले नेतृत्व लिन सफल भएको छ । यही जेठ ९ र १० गते नेपालले ‘हिमाल, मानव र जलवायु परिवर्तनः विशेषज्ञको अन्तर्राष्ट्रिय संवाद’ आयोजना गरेको थियो । विश्वका २३ देशका विज्ञहरूसहित एकै थलोमा बसेर नेपालको पर्वतीय क्षेत्रमा जलवायुले पारेको समस्या र निराकरणको उपाय खोज्ने प्रयास भयो । पर्वतीय क्षेत्रका जलवायु परिवर्तनको असर न्यूनीकरणमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ, वन तथा वातावरणमन्त्री नवलकिशोर साह सुडीदेखि जलवायुविद्, नागरिक समाज, निजी क्षेत्र एकै स्थानमा भेला भएर निष्कर्ष खोजिरहँदा अब भने जलवायु न्यायमा सबै वर्गका मानिसको साझा मुद्दा बन्न थालेको छ । हिजो विकासका मुद्दालाई प्राथमिकता दिएर राजनीतिक दलले चुनावी एजेन्डा बनाइरहेको सन्दर्भमा आज भने चुनावी एजेन्डामा वातावरणीय मुद्दाले प्राथमिकता पाउन थालेका छन् ।



**बेनी बजारः** म्याग्दीको सदरमुकाम बेनी बजार । पछिल्लो समय घर निर्माण गर्ने क्रम बढ्दै जाँदा बेनी बजारको बस्ती घना भएको छ । तस्बिरः ध्रुवसागर शर्मा/रासस

## फरक समाचार

# जीवनसाथीसँग रमाइलो क्षण कसरी बिताउने

जीवनसाथीसँग विशेष पल बिताउनको लागि सधैं महँगो रेस्टुरेन्ट वा चलचित्र आवश्यक छैन । कम बजेटमा पनि तपाईं आफ्नो जीवनसाथीसँग रमाइलो र रोमान्टिक डेटको योजना बनाउन सक्नुहुन्छ ।



**पार्कमा पिकनिक :** एउटा सुन्दर पार्कमा जानुहोस् र पिकनिक गर्नुहोस् । आलुचाट, स्यान्डविच वा पास्ता आफूलाई मन पर्ने केही सजिलो खाना घरबाट तयार गर्नुहोस् । साथीलाई साथमा लिएर रूखमुनि बसेर कुरा गर्दै, हाँस्दै खानाको आनन्द लिनुपर्छ । साँझ पार्कनजीकै पोखरी छ भने त्यहाँ घुम्नु राम्रो हुन्छ । पिकनिकले सम्बन्धमा नयाँपन ल्याउँछ र जीवनसाथीसँग खुलेर कुरा गर्ने मौका पनि पाइन्छ ।

यदि मौसम खराब छ वा तपाईंलाई बाहिर जान मन लाग्दैन भने घरमैं गेमनाइटको योजना बनाउन सक्नुहुन्छ । आफूलाई मनपर्ने खेल अथवा अनलाइन खेल खेल्नुहोस् । यदि तपाईं भिडियो गेम खेल्न मन पराउनुहुन्छ भने त्यो पनि खेल्न सक्नुहुन्छ । हलुका मसला चिया वा कफी बनाउनुहोस् र केही पपकर्न साथमा राख्नुहोस् । हार्नेलाई केही मीठो गर्ने वाचा गरेर तपाईं खेललाई थप रमाइलो बनाउन सक्नुहुन्छ ।

जीवनसाथीसँग घरमा स्पाको आनन्द लिन सकिन्छ । एकअर्कालाई मसाज गर्न सक्नुहुन्छ वा फेस प्याकहरू लगाउन सक्नुहुन्छ । यसका लागि चिनी, मह र जैतुनको तेल मिसाएर घरमैं स्क्रब बनाउन सक्नुहुन्छ । सुगन्धित मैनबत्ती बाल्नुहोस् र आरामदायी सङ्गीत बजाउनुहोस् । यसले तपाईंलाई तनाव कम गर्न मात्र मदत गर्दैन, परस्पर गुणस्तरीय समय बिताउने मौका पनि दिन्छ ।


रोमान्टिक साँझको लागि शहरबाट टाढा खुला मैदानमा जानुहोस्, जहाँ रात स्पष्ट देखियोस् । एकअर्काको हात समातेर सुत्नुहोस् र आकाशमा चम्किरहेका ताराहरू हेर्नुहोस् । आकाशमा देखिने नक्षत्रहरूबारे एकअर्कालाई जानकारी गराउनुहोस् । शान्त वातावरण र आकाशको सौन्दर्यले तपाईंको डेट अविस्मरणीय बन्नेछ । यसका लागि तपाईंले आफ्नो घरको टेरेस पनि प्रयोग गर्न सक्नुहुन्छ ।

तपाईं फच्यान्सी रेस्टुरेन्टहरूमा मात्र होइन, जीवनसाथीसँग घरमा पनि क्यान्डल नाइट डिनर गर्न सक्नुहुन्छ । सुगन्धित मैनबत्ती र रङ्गीचङ्गी बत्तीले कोठा सजाउनुहोस्, हलुका सङ्गीतमा जीवनसाथीसँग मनपर्ने खानाहरूको आनन्द लिनुहोस् ।

# पाठेघरको गाँठो कम गर्ने फल

युट्रस अर्थात् पाठेघरको भित्तामा बनेका गाँठोलाई फाइब्रोइड भनिन्छ । यसलाई मेडिकल भाषामा लियोमायोमा पनि भनिन्छ । यो गाँठो क्यान्सरको गाँठोभन्दा फरक हुन्छ । महिलामा महीनावारी शुरू भएपछि यसको जोखिम हुन्छ । फाइब्रोइड हुनुको वास्तविक कारण अहिलेसम्म थाहा हुन सकेको छैन ।

फाइब्रोइडका लक्षणहरूमा महीनावारीको समयमा धेरै रगत बग्नु, पेल्भिक



क्षेत्रमा गहिरो पीडा हुनु, लामो अवधिको चक्र समावेश हुन्छ । यद्यपि कतिपय अवस्थामा फाइब्रोइडको कुनै लक्षण देखिँदैन । यी गाँठोको औषधि र शल्यक्रियाद्वारा उपचार गर्न सकिन्छ । तर केही फलफूल यस्ता छन्, जसले यसलाई प्राकृतिक रूपमा सुकाउन मदत गर्छ । यहाँ हामी तपाईंलाई केही यस्ता फलफूलबारे बताउँदैछौं ।

**स्याउ :** एनसिबिआईमा प्रकाशित रिपोर्ट अनुसार पेक्टिनले भरपूर स्याउले शरीरमा एस्ट्रोजनको स्तर सन्तुलनमा राख्न मदत गर्छ । जसका कारण पाठेघरमा गाँठोको वृद्धि रोकिन्छ । यसको नियमित सेवनले फाइब्रोइडको जोखिम पनि कम हुन्छ ।

**जामुन :** ब्लुबेरी, शहतूत, रास्पबेरी र अङ्गुरमा प्राकृतिक रेसेभेराट्रोल हुन्छ । अध्ययनले देखाएको छ कि रेसेभेराट्रोलले कोशिकाको वृद्धि र गर्भाशय फाइब्रोइड कोशिकाहरूलाई बढ्न दिँदैन ।

**सुन्तला (अमिलो फल) :** भिटामिन सीले भरपूर सुन्तलाजस्ता सिट्रस फलफूलले फाइब्रोइडको वृद्धि रोक्नुको साथै यसले प्रजननसम्बन्धी समस्या कम गर्न पनि मदत गर्छ । दिनहुँ एकदेखि दुईवटा सिट्रस फलफूल खाने महिलामा अन्य महिलाको तुलनामा फाइब्रोइडको जोखिम कम हुन्छ ।

**अम्बा :** अम्बामा भिटामिन सी, एन्टिअक्सिडेन्ट, प्रोटिन र डाइटरी फाइबर प्रचुर मात्रामा पाइन्छ, जसले गर्दा फाइब्रोइड रोगीका लागि फाइदाजनक हुन्छ । यसको नियमित सेवन गाँठोको वृद्धि रोक्न निकै प्रभावकारी मानिन्छ । यसको पातको रस पिरियड क्र्याम्पबाट छुटकारा पाउनको लागि प्रयोग गरिन्छ ।

**अनार :** पाठेघरको गाँठो निको पार्न अनार निकै उपयोगी साबित हुन्छ । यसमा पाइने इलाजिक एसिडको कारणले फाइब्रोइड कोशिकाहरूको वृद्धिमा रोक लाग्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# दिल्लीमा अहिलेसम्मकै उच्च तापक्रम मापन




नयाँ दिल्ली, १६ जेठ/एएफपी

भारतको राजधानी नयाँ दिल्लीमा तापक्रम अहिलेसम्मको उच्च अर्थात् ४९.९ डिग्री सेल्सियस (१२१.८ फरेनहाइट) पुगेको छ । तापक्रम वृद्धिसँगै पानीको अभाव हुन सक्ने चेतावनी अधिकारीहरूले दिएका छन् ।

भारतीय मौसम विज्ञान विभाग (आइएमडी)ले मङ्गलवार नरेला र मुङ्गेशपुरस्थित दिल्लीका दुई उपनगरीय क्षेत्रमा उच्च तापक्रम मापन गरेको हो ।

मौसम विभागका अनुसार यहाँको तापक्रम अपेक्षाभन्दा नौ डिग्री बढी रहेको छ ।

तीन करोडभन्दा बढी जनसङ्ख्या रहेको यस शहरमा बुधवार पनि यस्तै तापक्रम हुने पूर्वानुमान गरिएको छ र मानिसहरूलाई सतर्क रहन सूचना जारी गरिएको छ ।

सन् २०२२ को मे महीनामा दिल्लीको केही भागको तापक्रम ४९.२ डिग्री सेल्सियस (१२०.५ फरेनहाइट) पुगेको भारतीय सञ्चारमाध्यमले जनाएका छन् ।

भारतमा गर्मीयाममा तापक्रम उच्च रहने भएपनि पछिल्ला वर्षहरूमा लामो र अत्यधिक गर्मी हुने गरेको छ ।

वर्षौंको वैज्ञानिक अनुसन्धानले जलवायु परिवर्तनका कारण गर्मी लामो हुने, बारम्बार हुने र तीव्र हुने गरेको जनाएको छ ।

नयाँ दिल्लीका अधिकारीहरूले गर्मी बढेसँगै पानीका स्रोतहरू पनि घट्दै केही क्षेत्रमा आपूर्ति कटौती हुने र खानेपानीको अभाव हुन सक्ने चेतावनी दिएका छन् ।

भारतीय जलमन्त्री आतिशी मार्लेनाले पानीको अनावश्यक प्रयोग रोक्न 'सामूहिक जिम्मेवारी' लिन आह्वान गरेका छन् ।

"पानीको अभावको समस्या समाधान गर्न हामीले धेरै क्षेत्रमा पानीको आपूर्ति दिनको दुईपटकबाट घटाएर दिनमा एकपटक गर्ने जस्ता धेरै उपाय अपनाएका छौं," आतिशीले भने ।

उनले भने, "यसरी बचत गरिएको पानीलाई मिलाएर पानीको निकै अभाव भएका र दैनिक १५ देखि २० मिनेट मात्र पानी आपूर्ति क्षेत्रमा पुऱ्याइनेछ ।"

मौसम विज्ञान विभागले गर्मीले स्वास्थ्यमा विशेषगरी शिशुहरू, वृद्धहरू र दीर्घकालीन रोगहरू भएकाहरूको स्वास्थ्यमा असर पार्न सक्ने भन्दै सावधानी अपनाउन आग्रह गरेको छ ।

धेरैले राजस्थान राज्यको तापक्रम ५०.५ डिग्री सेल्सियस मापन गरिएको र त्यहाँबाट आएको उष्ण लहरका कारण तापक्रम बढेको बताएका छन् ।

राजस्थानको मरुभूमि फलोदीमा सन् २०१६ मा ५१ डिग्री सेल्सियस तापक्रम पुगेको थियो ।

पश्चिम बङ्गाल राज्य र उत्तरपूर्वी राज्य मिजोरममा आइतवार भारत र बङ्गलादेशमा आएको चक्रवात 'रेमाल'बाट आएको आँधीबेहरी र भारी वर्षाका कारण ३८ जनाभन्दा बढीको मृत्यु भएको छ ।

बङ्गलादेशको मौसम विज्ञान विभागले यो चक्रवात देशको इतिहासमा सबैभन्दा लामोमध्ये एक भएको बताएको छ । रासस

# जापानका अनुसन्धानकर्ताद्वारा विश्वको पहिलो काठको उपग्रह निर्माण

टोकियो, जापान, १६ जेठ/एएफपी

जापानी अनुसन्धानकर्ताहरूले विश्वको पहिलो काठको उपग्रह बनाएका छन् । क्योटो विश्वविद्यालय र लगिङ कम्पनी सुमितोमो वन विज्ञान विभागका वैज्ञानिकहरूले बनाएको प्रयोगात्मक उपग्रहको प्रत्येक भाग मात्र दश सेन्टिमिटर रहेको छ ।

विकासकर्ताहरूले म्याग्नोलिया काठबाट बनेको लिग्नोस्याट नामक उपग्रह अर्को हप्ता अन्तरिक्ष एजेन्सी जाक्सालाई हस्तान्तरण गर्ने योजना बनाएका छन् । यसलाई सेप्टेम्बरमा केनेडी स्पेस सेन्टरबाट स्पेसएक्स रकेटद्वारा अन्तरिक्षमा पठाइनेछ । त्यहाँबाट उपग्रहलाई यसको शक्ति र स्थायित्व परीक्षण गर्न जापानी आइएसएस प्रयोग मोडचुलबाट प्रक्षेपण गरिनेछ ।

"उपग्रहले अनुसन्धानकर्तालाई तथ्याङ्क पठाउनेछ, जसले दबाबका सङ्केत र उपग्रहले कतिसम्मको तापक्रम थेग्न सक्छ भनेर जाँच गर्न सक्छन्," सुमितोमो वन विज्ञान विभागका प्रवक्ताले बुधवार बताए ।

"धातुबाट नबनेका उपग्रहहरू मुख्यधारमा रहनुपर्छ," अन्तरिक्ष यात्री र क्योटो विश्वविद्यालयका विशेष प्राध्यापक ताकाओ डोईले पत्रकार सम्मेलनमा भने ।

सिर्जनाकर्ताहरूले उपकरण वायुमण्डलमा पुनः प्रवेश गर्दा काठको सामग्री पूर्णरूपमा जलेको हुने र यसका कारण उपग्रह पृथ्वीमा फर्कंदा हानिकारक धातुका कणहरू उत्पादन नहुने बताएका छन् । "यी धातुका कणले वातावरण र दूरसञ्चारमा नकारात्मक प्रभाव पार्न सक्छ," विकासकर्ताहरूले मङ्गलवार काठको उपग्रहको निर्माण पूरा भएको घोषणा गर्ने क्रममा बताए । रासस

# प्यालेस्टाइनलाई राज्यको मान्यता दिने अभियानलाई स्वागत

राष्ट्रसङ्घ, १६ जेठ/सिन्ह्वा

प्यालेस्टिनी जनताको अतिआवश्यक अधिकारको प्रत्याभूत गर्न बनेको विभागले प्यालेस्टाइनलाई राज्यको मान्यता दिने अभियानलाई मङ्गलवार स्वागत गरेको छ ।

विभागले बार्बाडोस, बहामास, आयरल्यान्ड, जमैका, नर्वे, स्पेन, ट्रिनिडाड र टोबागोले प्यालेस्टाइनलाई दिएको राज्यको मान्यतालाई हार्दिकताका साथ स्वागत गर्दै विभागले संयुक्त राष्ट्रसङ्घ महासभा अन्तर्गत समितिको नेतृत्व गर्छ ।

ब्यूरोले प्यालेस्टिनी जनताको आत्मनिर्णयको अपरिहार्य अधिकारलाई समर्थन गरी गाजामा विनाशकारी युद्ध र प्यालेस्टिनी जनताको अस्तित्वको खतराको बीचमा आशा ल्याउन यी देशहरूको दृढ सङ्कल्पको प्रशंसा गर्छ ।

प्यालेस्टिनी जनताको स्वतन्त्र राज्यको अधिकारसहित आत्मनिर्णयको अधिकारलाई पुष्टि गर्ने सन् २०२४ मे १० को महासभाको प्रस्तावपछि मान्यताको दिने क्रम बढेको हो ।

यस्तो घटनाक्रमले संयुक्त राष्ट्रसङ्घको बडापत्रमा स्थापित समान अधिकार र आत्मनिर्णयको माग गर्दै बढ्दो अन्तर्राष्ट्रिय आवाजहरू प्रतिध्वनित गर्छ । यो पूर्वी जेरुसेलमलगायत प्यालेस्टिनी क्षेत्रमा ५७ वर्षे इजरायली कब्जाको अन्त्य र प्यालेस्टाइनको प्रश्नको न्यायपूर्ण, शान्तिपूर्ण र कूटनीतिक समाधानका लागि आवश्यक छ ।

ब्यूरोले राष्ट्रसङ्घीय सुरक्षा परिषद्लाई महासभाले व्यक्त गरेको व्यापक सहमतिसँग जोड्न र प्यालेस्टिनी राज्यलाई संयुक्त राष्ट्रसङ्घको पूर्ण सदस्यको रूपमा प्रवेश गर्न सिफारिश गर्न आग्रह गर्छ ।

यसैगरी, विभागले गाजामा चलिरहेको चरम इजरायली सैन्य कारबाईको निन्दा गरेको छ । रफाहमा विस्थापित मानिसहरूको शिविरमा आइतवारको आक्रमणमा कम्तीमा ४५ प्यालेस्टिनी नागरिक मारिए भने २०० भन्दा बढी घाइते भए । विभागले अनुसन्धानको माग गर्दै अन्तर्राष्ट्रिय कानूनको गम्भीर उल्लङ्घनका लागि जिम्मेवार व्यक्तिहरूको जवाफदेहिताको माग गर्छ ।

विभागले अन्तर्राष्ट्रिय समुदायलाई इजरायली कब्जाको अन्त्य गरी प्यालेस्टाइनको प्रश्नको न्यायपूर्ण, स्थायी र शान्तिपूर्ण समाधान गर्न तत्काल र समन्वित प्रयासका लागि अपील गर्दै ऐतिहासिक र गम्भीर अन्यायको अन्त्य गर्न सकियोस् भन्ने अभिप्राय उल्लेख गरेको छ । रासस



**मकै भित्र्याउने चटारो:** सुनसरीको इनरुवा–९ का किसान सियाराम मेहता खेतमा मकै भाँच्दै । यतिबेला किसानलाई मकै भित्र्याउने चटारो छ । तस्बिर: नवीन गड्तौला/रासस

# युवक मृत अवस्थामा फेला

दिनेशकुमार मिश्र, वीरगंज, १६ जेठ/

जीतपुरसिमरा उपमहानगरपालिका छातापिपरास्थित अनवर पेट्रोल पम्पमा कोठा भाडामा लिएर बस्ने एकजना युवक बुधवार मृत अवस्थामा फेला परेका छन् । मृतक रौतहट जिल्ला माधवनारायण नगरपालिका माधोपुर निवासी हुन् । मृतक युवक अशोक साह करीब २७ वर्षका थिए ।

उनी अनवर पेट्रोल पम्पको उत्तरपट्टि टाँसिएको हरि इन्जिनीयरिङ वर्क्स प्रालिमा ग्याँस सिलिन्डरको रेगुलेटर बनाउने काम गर्थे । आज बिहान मृतक युवकको साथी रामबाबू यादव कोठामा जाँदा अशोकलाई मृत अवस्थामा देखेर हल्ला गरेका थिए । मृतक युवकको शव शल्यपरीक्षणको लागि जिल्ला अस्पताल कलैया पठाइएको छ । घटनास्थलमा मृतक युवकको घाँटीमा मच्छरजाली बेरिएको र बसेको अवस्थामा रहेको तथा दुवै खुट्टामा रगत लागेको अवस्थामा भेटिएको थियो ।

पतिको हत्या भएको मृतककी पत्नी सीता कुमारी बताएकी छन् । मङ्गलवार साँझ पति अशोकले २२ हजार तलब पाएको बताउँदै घर आएपछि नागरिकता बनाइदिने भनेर कुराकानी भएको तीन महीनाकी गर्भवती सीताले बताइन् । मृतक अशोकको शल्यपरीक्षणपश्चात् निजको घर माधोपुरमा दाहसंस्कार गरिएको छ ।

### आजको राशिफल

| | |
|---|---|
| मेष – धनलाभ | वृष – सफलता |
| मिथुन – राज्यभय | कर्कट – वादविवाद |
| सिंह – यात्रालाभ | कन्या – कडाश्रम |
| तुला – चोरभय | वृश्चिक – भयचिन्ता |
| धनु – विजय | मकर – कान्तिक्षय |
| कुम्भ – भाग्योदय | मीन – बेचैनी |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### विश्वको ...

तर पैसालाई मात्र हेरेर हिमालको संरक्षण नगर्ने हो भने एक दिन सगरमाथा पनि कालापत्थरमा परिणत नहोला भन्न सकिन्न ।

पर्वतारोहणसम्बन्धी नियमावली, २०५९ अनुसार वसन्त ऋतुमा सगरमाथा आरोहणमा जानेबाट प्रतिव्यक्ति विदेशीले रु ११ लाख दस्तुर तिर्नुपर्छ । नेपालीले रु ७५ हजार तिर्नुपर्छ । विदेशीले एकपटक सगरमाथा आरोहण गर्दा कम्तीमा रु ३० लाखदेखि रु एक करोडसम्म खर्च गर्छन् ।

मुलुकको पर्यटनको महत्त्वपूर्ण आधार मानिने पर्वतारोहण राजस्व आम्दानीका हिसाबले पनि सबैभन्दा धेरै हिमालबाटै 'रोयल्टी' उठ्छ । हिमाल आरोहणबापत वार्षिक झन्डै रु एक अर्ब रोयल्टी रकम जम्मा हुने गरेको छ ।

पर्यटन विभागका महानिर्देशक रुद्रप्रसाद पण्डितले सगरमाथा आरोहणमा रोजगार, होटल व्यवसाय, हवाई उडान, पोर्टर आदि जोडिएको विषय भएकाले यस विषयमा नीति थितिबेगर यसो गर्ने भनेर भन्न नसकिने बताए ।

तथापि सगरमाथा आरोहणलाई व्यवस्थित गर्न र स्वच्छता र वातावरणमैत्री कायम गर्न सबै सरोकारवाला जिम्मेवार भएर लाग्नुपर्नेमा उनले जोड दिए ।

### स्वदेशी ...

बजार सर्वेक्षण गरी सङ्कलन गरिएको सूचनाको आधारमा सुदृढ, तथ्यपरक र वास्तविक भन्सार मूल्याङ्कन प्रणाली विकसित गरिनेछ । सङ्घका अध्यक्ष अग्रवाल यो प्रावधानले भन्सारका गतिविधिलाई सहज र सरल बनाउन सकिने बताउँछन् ।

वीरगंज कलेजका सञ्चालक अध्यक्ष डा चौधरीले बजेटमा पर्सालाई धेरै नसमेटिएको गुनासो गरे । "पर्साको नारायणी अस्पताललाई मेडिकल कलेजको रूपमा स्थापना गर्ने कुरा बजेटमा उल्लेख गरिनुपर्थ्यो"–उनले भने–"निजगढदेखि ढल्केबरसम्मको पूर्व–पश्चिम राजमार्ग आसपासको क्षेत्रलाई नेपाली गलैंचा करिडरको रूपमा विकास गर्ने योजना सकारात्मक छ ।

बाराको कोल्हवीबाट सिम्रौनगढ सडक आसपास क्षेत्रलाई माछा करिडरको रूपमा विकास गर्ने योजना पनि राम्रो छ ।"



अध्यधिक गर्मी बढेसँगै भवनबाहिर गर्ने कार्यक्रमहरू प्रभावित भएका छन् । नदीजन्य पदार्थको चरम उत्खनन, दोहन र वनजङ्गलको विनाश बढेसँगै वातावरण असन्तुलनले तराई–मधेसमा मात्र होइन पहाडी र हिमाली भेगमा समेत यसको प्रभाव बढ्दो छ । निजगढ नगरपालिका कार्यालय परिसरमा गणतन्त्र दिवस मनाइरहँदा एकाबिहानै अचाक्ली गर्मी बढेपछि रूखको छहारीमा बसेका कार्यक्रमका सहभागीहरू । तस्वीर: जीतलाल श्रेष्ठ/प्रतीक

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# छात्रावास र धर्मशालाको शिलान्यास

प्रस, पोखरिया, १६ जेठ/

मधेस प्रदेश सरकारको आर्थिक सहयोगमा पोखरिया नगरपालिका–४ मा छात्रावास र धर्मशाला निर्माण हुने भएको छ।

प्रदेशसभा सदस्य जनार्दन सिंह क्षत्रीले २० लाख रुपैयाँको लागतमा निर्माण हुने पक्की चार कोठे छात्रावास र १० लाख रुपैयाँको लागतमा निर्माण हुने धर्मशालाको बुधवार शिलान्यास गरेका छन्। उनले छात्रावास र धर्मशालाको निर्माण कार्य तोकिएको मितिमा गुणस्तरीय कार्य गरी सम्पन्न गर्न निर्देशन दिए। उनले निर्माण कार्यको निगरानी गर्न स्थानीयलाई आग्रह गरे। निगरानी गरिएमा मात्र ठेकेदारले बदमाशी गर्ने अवसर नपाउने भन्दै राम्रो काम गराउन निगरानी गर्नुपर्ने बताए।




कार्यक्रममा निवर्तमान नगरप्रमुख दीपनारायण रौनियार, श्रीकृष्ण चौहान, सुरेन्द्र सिंह, रामवचन महतो, रामबाबू चौहान, वडाध्यक्षहरू लछुमन साह कानू, सोनालालप्रसाद गोढ, सकिम मियाँलगायतको सहभागिता थियो।

# टायरगाडामा गोलियासहित एकजना पक्राउ

प्रस, बिरुवागुठी, १६ जेठ/

विन्ध्यवासिनी कोइलाभार साझेदारी वन क्षेत्रबाट चोरी तस्करी गरी टायरगाडामा सालको काठ ल्याउँदै गरेको अवस्थामा बुधवार बिहान गोलियासहित एकजना पक्राउ परेका छन्।



बिहान दुई बजे सखुवाप्रसौनी गाउँपालिका–१ बेलटोक गाउँनजीकबाट सबडिभिजन वन कार्यालय बडनिहारका जमदार जीतबहादुर तामाङको नेतृत्वमा वनगस्ती टोलीले ३५ क्युफिट गोलियासहित सखुवाप्रसौनी गापा–१ सथवल निवासी भुपेन्द्र चौधरीलाई पक्राउ गरेको छ।

पक्राउ परेका चौधरीलाई कारबाईको लागि डिभिजन वन कार्यालय वीरगंज पठाइएको छ भने गोलिया, टायरगाडा, दुई थान गोरु र एक थान हातेआरा सबडिभिजन वन कार्यालय बडनिहारमा राखिएको छ।

## हावाहुरीबाट जोगिने उपायहरू

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षितरूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारीसाधन रोकेर सुरक्षित स्थानमा बसौं,
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्वतयारी एवं सतर्कता अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |

## पोखरियामा अतिक्रमण हटाउन शुरू

प्रस, पोखरिया, १६ जेठ/

पोखरिया नगरपालिका–९ शिवबर्वामा सडक, नाला निर्माणका लागि अतिक्रमण हटाउने कार्य भएको छ। ३० फिट चौडा सडकसँगै दुवै किनारमा नाला निर्माण गर्न लागिएकोले सडकमा परेका घरटहराहरू हटाउने कार्य शुरू भएको वडाध्यक्ष नौशाद आलमले बताए। पोखरिया नपाले ३२ लाख रुपैयाँको लागतमा सो स्थानमा सडक, नाला निर्माण गर्ने प्रमुख प्रशासकीय अधिकृत अजय श्रीवास्तवले बताए।



### अत्यधिक ...

उनले आठवटा पालिकाबाट खोपको अद्यावधिक तथ्याङ्क प्राप्त नभएको र हालसम्म प्राप्त तथ्याङ्क अनुसार छ हजार २९३ जनाले मात्र खोप लगाएको तथ्याङ्क आएको बताए। उनले सबै पालिकाबाट तथ्याङ्क आएपछि यो सङ्ख्या बढ्ने जनाए तर लक्ष्य पूरा हुने सम्भावना नरहेको उनले जानकारी गराएका छन्। राष्ट्रिय पोलियो खोप अभियान अन्तर्गत पहिलो चरणको खोप अभियान सकिएपछि दोस्रो चरणको खोप अभियानको तयारी भइरहेको खोप अधिकृत ठाकुरले बताए। दोस्रो चरणको खोप अभियान यही जेठ २० देखि २६ गतेसम्म हुनेछ।

२०७३ वैशाखदेखि २०७५ असोजसम्म जन्मिएका बालबालिकाहरूलाई लक्षित गरेर राष्ट्रिय पोलियो खोप अभियान सरकारले सञ्चालन गरेको हो। सो अवधिमा खोप अभाव भएकोले सरकारले कार्यक्रम सञ्चालन गर्न नसकेको र अहिले सोही उमेर समूहका बालबालिकालाई लक्षित गरेर राष्ट्रिय पोलियो खोप अभियान २०८१ सञ्चालन गरेको हो।

पर्सा जिल्लामा सो अवधिमा खोप लिनबाट वञ्चित ३१ हजार ८१२ जनालाई अहिले दुई चरणमा खोप दिने लक्ष्य रहेको खोप अधिकृत ठाकुरले बताए। दुई चरणमा सो लक्ष्य पूरा गर्न पहिलो चरणमा आधा र दोस्रो चरणमा आधा लक्ष्य राखिएको अधिकृत ठाकुरले बताए।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

# खेलकूदको संसार

## एभरेस्ट म्याराथनको उपाधि कुलुङ र शेर्पालाई

सोलुखुम्बु, १६ जेठ/रासस

सगरमाथा दिवसका अवसरमा आयोजित तेन्जिङ–हिलारी एभरेस्ट म्याराथनको उपाधि पुरुषतर्फ अर्जुन कुलुङ र महिलातर्फ ल्हाक्पा डिमा शेर्पाले जितेका छन्। विश्वकै सबैभन्दा उच्च स्थानमा दौडिदै पुरुषतर्फ सोलुखुम्बु महाकुलुङका कुलुङ र महिलातर्फ नेपाल प्रहरीका शेर्पाले उपाधि जितेका हुन्।

सगरमाथा आधार शिविरबाट सगरमाथा राष्ट्रिय निकुञ्जको कार्यालय नाम्चेसम्म ४२ दशमलव १९ किमीको दूरी कुलुङले तीन घण्टा ५२ मिनेट दुई सेकेन्डमा पार गर्दै पहिलो भएका हुन्। महिलातर्फ सोही दूरी प्रहरी जवान शेर्पाले चार घण्टा ४२ मिनेटमा पार गरिन्। पुरुषतर्फ तीन घण्टा ५३ मिनेट २७ सेकेन्डमा दूरी पार गर्दै सुमन कुलुङ दोस्रो र चार घण्टा सात मिनेट ४० सेकेन्डमा निर्धारित दूरी पूरा गर्दै रामकुमार राजभण्डारी तेस्रो भएका छन्। महिलातर्फ पाँच घण्टा एक मिनेट २२ सेकेन्डमा दूरी पार गर्दै प्रिया राई दोस्रो भएकी छन्। प्रतियोगितामा २१० जना धावक सहभागी रहेको आयोजकले जनाएको छ।

सगरमाथामा पहिलोपटक एडमन्ड हिलारी र तेन्जिङ नोर्गे शेर्पाले ७१ वर्षअघि सन् १९५३ मे २९ मा पाइला राखेको दिनको सम्झनामा हिमालयन एक्स्पिडिसन कम्पनी लिमिटेडले म्याराथन आयोजना गर्दै आएको छ।

## प्रधानमन्त्री कप भलिबलको खेलतालिका सार्वजनिक

काठमाडौं, १६ जेठ/रासस

नेपाल भलिबल सङ्घको आयोजनामा हुने आठौं प्रधानमन्त्री कप महिला तथा पुरुष भलिबल लिगको खेलतालिका बुधवार सार्वजनिक भएको छ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकूद परिषद्‌को कभर्डहलमा यही जेठ १९ देखि २६ गतेसम्म आयोजना हुने उक्त प्रतियोगितामा पुरुषतर्फ आठ र महिलातर्फ छ टोलीको सहभागिता रहने आयोजकले जनाएको छ।

प्रतियोगिताको पुरुषतर्फ टिपटप हेल्प नेपाल स्पोर्ट्स क्लब, सशस्त्र प्रहरी बलको एपिएफ, त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लबका साथै कोशी प्रदेश, गण्डकी प्रदेश, सुदूरपश्चिम प्रदेश र बूढानीलकण्ठ भलिबल क्लब रहेका छन्।

महिलातर्फ एभरेस्ट भलिबल क्लब बुटवल, नेपाल पुलिस क्लब, एपिएफ क्लब, चन्द्रागिरि न्यू डायमन्ड, त्रिभुवन आर्मी क्लब र कर्णाली प्रदेश भलिबल टीमले प्रतिस्पर्धा गर्नेछन्।

यही जेठ १९ गते हुने प्रतियोगिताको उद्घाटन खेलमा पुरुषतर्फ टिपटप हेल्प नेपाल र बूढानीलकण्ड क्लबबीच प्रतिस्पर्धा हुनेछ। पहिलो दिन पुरुषतर्फ चार र महिलातर्फ दुई गरी छ खेल हुनेछन्।

साथै पुरुषतर्फ नेपाल पुलिस र सुदूरपश्चिम स्पोर्ट्स, एपिएफ र गण्डकी प्रदेश तथा त्रिभुवन आर्मी क्लब र कोशी प्रदेशबीच खेल हुनेछ। यसैगरी, उद्घाटन खेलको महिलातर्फ एपिएफ र चन्द्रागिरि न्यू डायमन्ड तथा नेपाल पुलिस क्लब र त्रिभुवन आर्मी क्लबबीच हुनेछ।

## विश्व कीर्तिमानी कायम गर्न कालापत्थरमा रेस्लिङ

कालापत्थर (सोलुखुम्बु), १६ जेठ/रासस

विश्वकै अग्लो स्थानमा रेस्लिङ खेलेर कीर्तिमानी कायम गर्न मे २९ अर्थात् 'एभरेस्ट डे'को अवसरमा कालापत्थरमा रेस्लिङको अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल सम्पन्न भएको छ।

नेपाल महिला रेस्लिङ फाउन्डेशनको आयोजनामा बुधवार पाँच हजार ५४४ मिटरको उचाइमा रहेको कालापत्थरमा रेस्लिङको मैत्रीपूर्ण खेल सम्पन्न भएको हो। सोलुखुम्बुको खुम्बु गाउँपालिकास्थित कालापत्थरमा पहिलोपटक अन्तर्राष्ट्रिय रेस्लिङ प्रतियोगिता सम्पन्न गरिएको हो।




नेपालको पहिलो महिला रेस्लर भगवती खड्का (युनिका) र अमेरिकाकी रेस्लर डानियल मोरिसन (डानी मो)बीच सम्पन्न मैत्रीपूर्ण प्रतिस्पर्धामा नेपालकी भगवती खड्का विजयी भइन्।

रेस्लिङ खेलमार्फत विश्व कीर्तिमान बनाउने सपना देख्दै आएकी खड्काले विश्वमा हालसम्म यति उचाइमा रेस्लिङ खेल नखेलिएकाले यो विश्व रेकर्ड हुने दाबी गरिन्। हास्य कलाकारको प्रस्तुतिसहित हास्य कलाकार शिवशङ्कर रिजाल (जोगिन्दर पानवाला)ले प्रतियोगिताको कार्यक्रम सञ्चालन गरेका थिए। मैत्रीपूर्ण खेलमा नेपाली रेस्लर अस्मिता जुरेलीले रेफ्रीको भूमिका निर्वाह गरेकी थिइन्। कार्यक्रममा अल एराउड ट्रेक्सका एमडी सोनम शेर्पाले सहजीकरण गरेका थिए।

## काठमाडौंसँग ललितपुर पराजित

काठमाडौं, १६ जेठ/रासस

एनसिसी एस महिला तथा पुरुष टी–२० क्रिकेट प्रतियोगिता अन्तर्गत महिलातर्फको खेलमा काठमाडौंले ललितपुरलाई पराजित गर्दै विजयी भएको छ।




मूलपानी क्रिकेट मैदानमा बुधवार भएको खेलमा काठमाडौंले ललितपुरलाई ३१ रनले पराजित गर्दै विजयी भएको हो। काठमाडौंले प्रस्तुत गरेको १३१ रनको लक्ष्य ललितपुरले निर्धारित २० ओभरमा पाँच विकेट गुमाउँदै ९९ रनमा समेटियो।

ललितपुरका लागि याशु पाण्डेले सर्वाधिक ३५ रनको योगदान दिइन् भने रेखा तामाङले अविजित १६ रन बनाइन्। त्यस्तै, साविका यादवले १६ रन बनाइन्।

काठमाडौंका लागि संस्कृति फुयाँल, विपिशा शाही र एली यादवले समान एक/एक विकेट लिए। त्यसअघि टस जितेर पहिला ब्याटिङ गर्ने निर्णय गरेको काठमाडौंले निर्धारित २० ओभरमा तीन विकेट गुमाउँदै १३० रनको योगफल बनाएको थियो। काठमाडौंका लागि अस्मिता खरेलले सर्वाधिक ३७ रनको योगदान दिइन्।

यसैगरी, कञ्चन श्रेष्ठले ३६ तथा एली यादवले अविजित १८ रन बनाइन्। ललितपुरका लागि मनीषा उपाध्याय र सम्भाव्या ढकालले समान एक/एक विकेट लिए।

मूलपानी क्रिकेट मैदानमा हुने उक्त प्रतियोगिता अन्तर्गत महिलातर्फको खेलमा भोलि भक्तपुर र ललितपुरबीच प्रतिस्पर्धा हुनेछ।